# प्रभाव दैनिक
National Daily

वर्ष ११ अंक १२१ काठमाडौं बुधबार, ०५ भदौ २०८१ Prabhab National Daily Wednesday, August 21, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



**सुशासन प्रवर्द्धन गरौं**

- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्टाचार, अनियमितता विरूद्ध शुन्य सहनशील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागिता जनाऔं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।


नेपाल सरकार
विज्ञापन बोर्ड


## ९९ प्रतिशत जनता बिजुलीको पहुँचमा



आर्थिक वर्ष २०७२/७३ मा विद्युतीकरणको अवस्था ५८ प्रतिशत मात्र थियो, अहिले ९९ प्रतिशत पुग्नु यो अवधिमा हासिल भएको महत्त्वपूर्ण उपलब्धि हो, प्राधिकरण आफैं विद्युत् नपुगेका घर खोज्दै विकट बस्तीबस्ती पुगिरहेको छ ।

**कुलमान घिसिङ**
**कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण**




- विद्युत्का ग्राहक संख्या सामुदायिकसहित ५९ लाख ३५ हजार
- मुलुकका ५३९ स्थानीय तह पूर्णरूपमा विद्युतीकरण

**प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकको ९९ प्रतिशत जनतामा बिजुलीको पहुँच पुगेको छ । नेपाल विद्युत् प्राधिकरणले मुलुकभरिका स्थानीय तह (गाउँपालिका र नगरपालिका)का वडासम्मको विस्तृत अध्ययन गरी तयार पारेको विद्युतीकरण तथ्यांक-२०८१ मा कूल जनसंख्याको ९९ प्रतिशतमा विद्युत् सेवा पुगेको पाइएको हो ।

विद्युत्का ग्राहक संख्या सामुदायिकसहित ५९ लाख ३५ हजार पुगेको प्रतिवेदनमा उल्लेख छ । विद्युत्को पहुँच पुगेको जनसंख्यामध्ये ९७ प्रतिशत राष्ट्रिय ग्रिडबाट र दुई प्रतिशतले ग्रिडभन्दा बाहिरबाट बिजुली उपभोग गरिरहेका छन् । प्रतिवेदनअनुसार मुलुकका ५३९ स्थानीय तह पूर्णरूपमा विद्युतीकरण भएका छन् । १९६ स्थानीय तहमा आंशिकरूपमा बिजुली पुगेको छ । देशभर ७५३ स्थानीय तह (नगरपालिका र गाउँपालिका) छन् । हालसम्म राष्ट्रिय प्रसारणको विद्युत् १८ स्थानीय तहमा पुग्न सकेको छैन । राष्ट्रिय प्रसारण ग्रिड नपुगे पनि १८ स्थानीय तहका बासिन्दाले लघुजलविद्युत् र सौर्य ऊर्जाबाट विद्युत् उपभोग गरिरहेको पाइएको छ ।

७५३ स्थानीय तहमध्ये ५९० स्थानीय तहमा ९५ देखि सतप्रतिशतसम्म विद्युतीकरण भएको छ भने ७२ स्थानीय तहमा ७५ देखि ९५ प्रतिशतसम्म विद्युतीकरण भएको छ । कूल ३३ प्रतिशत स्थानीय तहमा ५० देखि ७५ प्रतिशतसम्म, २६ स्थानीय तहमा २५ देखि ५० प्रतिशतसम्म र ३२ स्थानीय तहमा २५ प्रतिशतसम्म विद्युतीकरण भएको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चालु आर्थिक वर्षभित्रमा सबैका घरमा भरपर्दो र गुणस्तरीय विद्युत् सेवा पुऱ्याउने सरकारको घोषणालाई कार्यान्वयन गर्नेतर्फ आफूहरू लागेको बताएका छन् ।

'आर्थिक वर्ष २०७२/७३ मा विद्युतीकरणको अवस्था ५८ प्रतिशत मात्र थियो, अहिले ९९ प्रतिशत पुग्नु यो अवधिमा हासिल भएको महत्त्वपूर्ण उपलब्धि हो, प्राधिकरण आफैं विद्युत् नपुगेका घर खोज्दै विकट बस्तीबस्ती पुगिरहेको छ,' उनले भने, 'विद्युत् पुगेका ठाउँमा भरपर्दो र नपुगेका ठाउँमा यथाशीघ्र पुऱ्याउन उच्च प्राथमिकताका साथ काम गरिरहेका छौं ।

(क्रमशः पृष्ठ २ मा)

## टिआरसीमा तीन अन्तर्राष्ट्रिय संस्थाले औंल्याए त्रुटि

**जेबी योञ्जन**

- युद्धकालीन अपराधमा जिम्मेवारलाई अभियोजनबाट जोगाउने गरी ऐन तर्जुमा
- पीडकलाई न्यायको कठघरामा उभ्याइएको हेर्न पीडित अझै संघर्षरत
- 'गम्भीर उल्लंघन'को परिभाषा अन्तर्राष्ट्रिय कानुनसँग मेल नखाने र त्यसमा अन्य गम्भीर अपराधलाई समावेश नगरिएको

**काठमाडौं–** प्रतिनिधिसभाबाट पारित भएर हाल राष्ट्रियसभामा विचाराधीन बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकमा थुप्रै त्रुटि देखिएको मानवअधिकारवादी अन्तर्राष्ट्रिय संस्थाहरूले औंल्याएका छन् । द्वन्द्वकालीन मानवअधिकार उल्लंघनका घटनामा पीडितलाई विधेयकले न्याय दिन नसक्ने भन्दै विधेयकप्रति ह्युमन राइट्स वाच, इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स र एम्नेस्टी इन्टरनेसनलले आलोचना गरेका हुन् ।

यी तीन संस्थाले मंगलबार विज्ञप्ति जारी गर्दै भनेका छन्, 'नेपालमा सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लंघन र ज्यादतीका घटनामा न्याय, जवाफदेहिता र उपचार प्राप्त गर्ने विषयमा सकारात्मक प्रावधानहरू समेटिए पनि उद्देश्यअनुरूप सफल परिणाम हासिल गर्ने सवाललाई कमजोर पार्ने खालका व्यवस्थाहरू अझै विद्यमान रहेका छन् ।'

विधेयकले द्वन्द्वकालीन घटनाका पीडितहरूलाई सत्य र न्यायविना क्षतिपूर्तिमात्र स्वीकार गर्न उत्प्रेरित गर्ने ठहर गरिएको छ । यस्तो कानुनी व्यवस्थामाथि ह्युमन राइट्स वाचकी एसिया उपनिर्देशक मीनाक्षी गांगुलीले प्रश्न गरेकी छन् । विधेयकबारे विज्ञप्तिमा थप भनिएको छ, 'नयाँ कानुनमा धेरै महत्त्वपूर्ण सुधार र सकारात्मक प्रावधानहरू भए पनि त्यसका केही भाग युद्धको समयमा भएका अपराधहरूमा जिम्मेवारहरूलाई अभियोजनबाट जोगाउने गरी तर्जुमा गरिएको जस्तो देखिन्छ ।'

नेपालका शीर्ष राजनीतिज्ञहरूले भने गत २९ साउनमा विधेयक पारित गर्दै उक्त दिनलाई शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुऱ्याउने सन्दर्भमा 'ऐतिहासिक र महत्त्वपूर्ण दिन' भन्दै विधेयक पीडितमैत्री रहेको दाबी गरेका थिए । नेपालको कानुन, संक्रमणकालीन न्यायसम्बन्धी अन्तर्राष्ट्रिय कानुन र मानवीय कानुनलाई टेक्दै द्वन्द्वसँग सरोकार राख्ने पक्षहरूसँगको छलफलपछि विधेयकका विवादित प्रावधानलाई संशोधन गरिएको पनि भनेका थिए । सोही विधेयक पारित गरिएपछि नेपालमा गम्भीर मानवअधिकार उल्लंघन पीडितहरूको राष्ट्रिय संगठन र द्वन्द्वमा बलात्कारपीडित महिलाहरूको संगठनले स्वागत गरेका थिए । द्वन्द्वपीडित साझा चौतारीले पनि विधेयक सकारात्मक रहेको प्रतिक्रिया जनाएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

## दूतावास बन्द हुँदा पोर्चुगलका नेपाली समस्यामा

**भरत प्रधान**

- प्रहरी चारित्रिक प्रमाणपत्रलगायतका कागजात प्रमाणीकरणमा सास्ती खेप्नुपरेको पोर्चुगलवासी नेपालीको गुनासो
- पोर्चुगलमा दूतावास स्थापना नभएसम्मका लागि लिस्बनबाटै कागजात प्रमाणीकरणलगायतका कन्सुलर सेवा सञ्चालन गर्न माग

**लिस्बन (पोर्चुगल)–** पोर्चुगलको राजधानी लिस्बनस्थित अवैतनिक महावाणिज्य दूतावास बन्द हुँदा यहाँ रहेका नेपालीले समस्या खेप्नुपरेको छ । महावाणिज्य दूतावास बन्द हुँदा प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) लगायतका कागजात प्रमाणीकरणमा सास्ती खेप्नुपरेको पोर्चुगलवासी नेपालीले गुनासो गरेका छन् ।

उनीहरूले पोर्चुगलमा दूतावास स्थापना नभएसम्मका लागि लिस्बनबाटै कागजात प्रमाणीकरणलगायतका कन्सुलर सेवा सञ्चालन गर्न माग गरेका छन् । कागजात प्रमाणीकरणको समस्याले पोर्चुगल बसाइको वैधानिकताको प्रक्रियामा रहेका हजारौं नेपाली प्रभावित भएका छन् ।

लिस्बनबाटै प्रवाह हुँदै आएको सेवा बन्द भएपछि विशेषतः यहाँको आवास अनुमतिपत्र (रेसिडेन्सी कार्ड) का लागि आप्रवासी मामिला हेर्ने निकाय (आइमा) मा बायोमेट्रिकको तयारीमा रहेका नेपाली बढी मारमा परेका छन् । यहाँको कागजी प्रक्रियाको प्रयोजनका लागि नेपालबाट ल्याइने प्रहरी चारित्रिक प्रमाणपत्र, जन्मदर्ता, नाता प्रमाणित, विवाह दर्तालगायतका कागजात प्रमाणीकरणको सेवा लिस्बनबाट नपाउँदा यहाँ रहेका नेपालीले सास्ती भोग्नुपरेको हो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## वैदेशिक रोजगार बोर्डले माग्यो छात्रवृत्ति आवेदन

**प्रभाव संवाददाता**




**काठमाडौं–** वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागी हुन योग्यता पुगेका विद्यार्थीहरूको आवेदन माग गरेको छ । बोर्डले वैदेशिक रोजगारीमा गएर मृत्यु भएका वा अंगभंग र बिरामी भई कल्याणकारी कोषबाट सतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई छात्रवृत्ति प्रदान गर्ने प्रयोजका लागि आवेदन माग गरेको हो ।

बोर्डले १८ वर्ष मुनिका १२ कक्षासम्म अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिने जनाएको छ । मुलुकको कुनै पनि सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले नियमानुसार छात्रवृत्ति पाउने बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए । छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका इच्छुक विद्यार्थीहरूले आ-आफ्नो विद्यालयमा आगामी असोज मसान्तसम्म आवेदन दिन सकिने उनले जानकारी दिए ।

छात्रवृत्ति प्राप्त गर्न वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० वमोजिम आ-आफ्नो विद्यालले निवेदन प्राप्त भएपश्चात् आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित स्थानीय तहमा सिफारिस गर्नुपर्ने छ । अहिले विद्यालयमार्फत स्थानीय तहमा विद्यार्थीको आवेदन संकलन गर्ने कार्य सुरु भइसकेको कार्यकारी निर्देशक उप्रेतीले बताए ।

छात्रवृत्तिका लागि बोर्डले शिशु कक्षादेखि कक्षा ८ सम्म अध्ययन गर्ने विद्यार्थीलाई वार्षिक १२ हजार र त्यसमाथि कक्षा १२ सम्म अध्ययन गर्नेलाई १६ हजार रूपैयाँ उपलब्ध गराउने छ । यसअघि बोर्डले शिशु कक्षादेखि कक्षा ८ सम्म अध्ययन गर्ने विद्यार्थीलाई वार्षिक आठ हजार र ९ कक्षादेखि १२ कक्षासम्म वार्षिक १२ हजार रूपैयाँ दिँदै आएको थियो । यद्यपि बोर्डले प्रदान गर्ने छात्रवृत्ति वैदेशिक रोजगारीमा जाने नेपाली कामदारबाट कल्याणकारी कोषमा जम्मा भएकै रकमबाट उपलब्ध गराउँदै आएको छ ।

## विभागको नयाँ निर्देशकको जिम्मेवारी सहसचिव खत्रीलाई

**प्रभाव संवाददाता**



**काठमाडौं–** वैदेशिक रोजगार विभागले नयाँ महानिर्देशक पाएको छ । विभागको महानिर्देशकमा सहसचिव सूर्यबहादुर खत्रीले जिम्मेवारी पाएका छन् । गत बिहीबारको बसेको मन्त्रिपरिषद् बैठकले गृह मन्त्रालयअन्तर्गत रहेका खत्रीलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सरुवा गरी महानिर्देशकको जिम्मेवारी दिइएको हो । उनी यसअघि अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी थिए ।

श्रम तथा वैदेशिक रोजगारसम्बन्धि अनुभव नभएका खत्रीलाई विभागको महानिर्देशक बनाइएकोप्रति मन्त्रालयका अधिकारीहरूनै असन्तुष्ट रहेको बताइन्छ । श्रम मन्त्रालयलेखत्रीलाईविभागको महानिर्देशकका रूपमा काम गर्न आइतबार नै खटाइसकेको छ । यसअघि विभागको महानिर्देशक रहेका डण्डुराज घिमिरेलाई मन्त्रालय तानिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## 'सेवा शुल्क टुंगो नलागी मागपत्र प्रमाणीकरण गर्नुहुन्न'

**काठमाडौं (प्रस)–** पूर्व श्रममन्त्री, डोलप्रसाद अर्यालले सेवा शुल्कको विषयमा टुंगो नलगाएसम्म युरोपको मागपत्र प्रमाणीकरण गर्न नहुने बताएका छन् । वैदेशिक रोजगार व्यवसायीहरूले सेवा शुल्क नतोकी कामदारको मागपत्र प्रमाणीकरण गर्नुपर्ने माग गर्दै आएकोप्रति प्रतिक्रिया दिँदै उक्त कुरा बताएका हुन् । केही दिन अघि संसदको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा सेवा शुल्क नतोकी कामदारको मागपत्र प्रमाणीकरणको कुरा उठाउनु ठगी मात्रै हुने बताए ।

'सेवा शुल्कबिना कामदार मागपत्रको विषयमा छलफल गर्नु वाञ्छनीय हुँदैन,' उनले भने, 'लाखौं लाख तिरेर कामदारहरू कसरी जापान, इजरायल तथा अन्य युरोपियन मुलुकहरूमा गइरहेका छन्, यसको अध्ययन हुनु जरुरी छ ।' सेवा शुल्क टुंगिएपछि मात्रै मागपत्र प्रमाणीकरणको कुरा गर्नुपर्ने अर्यालको भनाइ छ ।

सोही बैठकमा नेपाल वैदेशिक रोजगार संघका अध्यक्ष राजेन्द्र भण्डारीले मागपत्र प्रमाणीकरणमा समस्या भएकाले युरोपमा ५० हजारभन्दा बढी रोजगारीको अवसर गुम्ने अवस्थामा रहेको बताएका थिए । उनले युरोपमा नेपाली कामदार पठाउँदा कति लागत लाग्छ भन्नेबारे खुलाएका थिएनन् ।




पृष्ठ १ बाट क्रमशः

## टिआरसीमा तीन...

तर, द्वन्द्वकालीन मानवअधिकार उल्लंघनका घटनालाई दुई भागमा वर्गीकरण गर्नु, गम्भीर अपराधलाई लिएर गरिएको परिभाषा र घटी सजायको प्रावधानप्रति भने प्रश्न उठाएको थियो ।

समग्रमा नेपालमा विधेकयप्रति त्यति धेरै असन्तुष्टिका स्वरहरू सुनिएको छैन । विधेयक पनि राष्ट्रियसभामा पुगेको छ । आइतबार बसेको राष्ट्रियसभा बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरासियाले विधेयक पेस गरेका छन् । विधेयकमाथि छलफल हुन बाँकी छ । उक्त विधेयक राष्ट्रियसभाबाट पारित भएको अवस्थामा राष्ट्रपतिले प्रमाणीकरण गर्ने छन् । त्यसपछि विधेयकले कानुनी रूप लिने छ । तर, हाल विधेयक राष्ट्रियसभामा विचाराधीन छँदा मानवअधिकारवादी तीन अन्तर्राष्ट्रिय संगठनले प्रश्न उठाएका हुन् ।

उनीहरूले पीडकलाई न्यायको कठघरामा उभ्याइएको हेर्न पीडितहरू अझै संघर्षरत रहेको तर्क गरेका छन् । यससँगै अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गम्भीर अपराधमा जवाफदेहिताको अभावले मानवअधिकारको निरन्तर उल्लंघन र दण्डहीनताको संकट निम्त्याउनमा योगदान पुऱ्याइरहेको पनि ती संस्थाहरूले आरोप लगाएका छन् ।

इन्टरनेसनल कमिसन अफ जुरिस्ट्सकी वरिष्ठ अन्तर्राष्ट्रिय कानुनी सल्लाहकार मन्दिरा शर्माले पीडितले न्याय नपाउनसक्ने सम्भावनातर्फ संकेत गर्दै भनेकी छन्, 'कानुनमा रहेका खाडललाई सम्बोधन नगर्ने हो भने संक्रमणकालीन न्याय प्रक्रियाको समग्र परिणामलाई जोखिममा पार्ने र पीडितको प्रभावकारी उपचारको हकलाई परास्त गर्ने सम्भावना रहन्छ ।'

यसबाहेक द्वन्द्वकालीन जघन्य अपराधहरूमा सत्य, न्याय र परिपूरण दिलाउन अघिल्ला सरकारहरू बारम्बार असफल भएको पनि औंल्याएका छन् । विगतको प्रसंग कोटयाएर वर्तमान कांग्रेस-एमालेको सरकारले पनि विधेयक पारित गरेर द्वन्द्वकालीन जघन्य अपराधहरूमा सत्य, न्याय र परिपूरण दिलाउने तीन संस्थाले आशंका प्रकट गरेका छन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगमा आयुक्तहरूको नियुक्ति गर्दा नै पीडितहरूले न्यायको आस मारेको पुरानो विषय स्मरण गराएका छन् ।

'आयुक्तहरूको नियुक्तिमा बारम्बारको राजनीतिक हस्तक्षेपका कारण विगतमा आयोगहरूले पीडितको विश्वास जित्न सकेनन,' एम्नेस्टी इन्टरनेसनलकी दक्षिण एसिया निर्देशक स्मृति सिंहको वक्तव्यमा छ । दुवै आयोगमा नियुक्त हुने आयुक्तहरूलाई उनीहरूको काम प्रभावकारी र विश्वसनीय हुनका लागि पीडित समूहहरूले विश्वास गर्नुपर्ने भनिएको छ । त्यसका लागि पूर्ण पारदर्शी मनोनयन र नियुक्ति प्रक्रियाको केन्द्रमा पीडितको अधिकार र धारणालाई राख्नुपर्ने उल्लेख छ । आयुक्तहरू सक्षम, निष्पक्ष र कुनै पनि राजनीतिक दलबाट पूर्णतया स्वतन्त्र हुनुपर्ने पनि भनिएको छ ।

गम्भीर मानवअधिकार उल्लंघन पीडितहरूको राष्ट्रिय संगठनका महासचिव भागिराम चौधरीले पनि दुवै आयोगमा अध्यक्षसँगै आयुक्तहरूको नियुक्ति दलबाहिरबाट हुनुपर्ने बताएका छन् । दलभित्रैबाट दुवै आयोगमा अध्यक्ष र आयुक्तहरू पठाइए पीडितले न्याय पाउने विश्वास गुमाउने बताए ।

'पहिले मल्लिक र भट्ट आयोगप्रति हामी पीडितहरूको विश्वास थिएन,' उनले प्रभावसँग भने, 'त्यही भएर यसपटक त्यस्तो नहोस् । त्यसका लागि न्याय निरूपण गर्न सक्नेगरी दलबाहिरका मान्छेलाई आयोगमा पठाइनुपर्छ ।' दुवै आयोगमा अध्यक्ष र चार/चार जना आयुक्त गरी पाँच सदस्यीय संयन्त्र हुन्छ । विधेयक पारित भएपछि यस्तो संयन्त्र गठन हुने गर्दछ । त्यसका लागि मन्त्रिपरिषद्ले पूर्वप्रधानन्यायधीशको संयोजकत्वमा मानवअधिकार आयोगका सदस्यसहित विभिन्न क्षेत्रका व्यक्ति रहेको सिफारिस समिति बनाउँछ । त्यही समितिले आयोगका पदाधिकारीको नाम सिफारिस गर्ने छ ।

भदौभित्र दुवै आयोगका पदाधिकारीहरू छनोट गरिसक्ने तयारी सरकारको छ । असोजदेखि आयोगका सदस्यले काम सुरु गर्ने भनिएको छ । तर, दुवै आयोगमा राजनीतिक दलभित्रबाटै नेतृत्व नियुक्तिको सम्भावना बढी छ । शक्तिशाली आयोग बन्ने र त्यसले नेपालको शान्ति प्रक्रियालाई नै टुंगो लगाउने भएकोले दलहरूभित्रबाटै धेरै नेताको रुचि देखिएको छ ।

स्रोतका अनुसार कांग्रेस र एमाले दुवैले सत्य निरूपण तथा मेलमिलाप आयोगको नेतृत्व चाहेका छन् । यदि, कांग्रेसले पाए वरिष्ठ अधिवक्तासमेत रहेका राष्ट्रियसभाका पूर्वसदस्य राधेश्याम अधिकारीलाई अध्यक्ष बनाउने चर्चा छ । यदि, अधिकारी नभए यसअघि पनि आयोगको अध्यक्ष भइसकेका गणेशदत्त भट्टलाई पनि कांग्रेसले अघि सार्नसक्ने सम्भावना छ । नेपाल ल क्याम्पसका सहप्राध्यापक भट्टले ६ माघ २०७६ देखि ३१ असार २०७९ सम्म आयोगको अध्यक्ष भएर काम गरेका थिए ।

एमालेले भने आफूले सत्य निरूपणको अध्यक्ष पाए पूर्वकानुनमन्त्री भइसकेका नेता अग्नि खरेललाई अध्यक्ष बनाउने तयारी गरेको स्रोतले जनाएको छ । यसमा पूर्वकानुनमन्त्री गोविन्दप्रसाद शर्मा कोइराला (बन्दी)ले पनि अध्यक्ष बन्न जोडबल गरिरहेका छन् ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगहरूमा पनि यिनै पात्रहरूको चर्चा छ । यसले गर्दा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय तीन संस्था र द्वन्द्वपीडितहरूको ध्यानाकर्षणविपरीत दलहरू अघि बढेर दलभित्रबाटै आयोगका अध्यक्ष र आयुक्तहरूको नियुक्ति हुने देखिएको छ ।

तीन अन्तर्राष्ट्रिय संस्थाले विधेयकमा रहेको मानवअधिकारको 'गम्भीर उल्लंघन'को परिभाषामा पनि असन्तुष्टि जनाएका छन् । विधेयकमा गरिएको परिभाषा अन्तर्राष्ट्रिय कानुनसँग मेल नखाने र त्यसमा अन्य गम्भीर अपराधलाई समावेश नगरिएको उल्लेख छ ।

आरोपित पीडकहरूले निश्चित सर्तहरू पूरा गरेमा र पीडितहरूको सहमतिमा सत्य निरूपण तथा मेलमिलाप आयोगले ती घटनामा माफी दिनसक्नेबारे कानुनको भाषा अस्पष्ट रहेको पनि भनिएको छ ।

विधेयकमा भएका कतिपय प्रावधानले नेपालको संविधान र अन्तर्राष्ट्रिय कानुनी दायित्वविपरीत हुनेगरी सम्भावित मानवताविरुद्धका अपराध र युद्ध अपराधलगायत अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका थुप्रै अपराधमा जवाफदेहिताबाट उन्मुक्ति सिर्जना गर्नसक्ने पनि ती संस्थाहरूले चिन्ता प्रकट गरेका छन् ।

● ● ●

## महावाणिज्य दूतावास...

महावाणिज्य दूतावास बन्द हुँदा कागजात प्रमाणीकरणका लागि समस्या झेल्नुपरेको इलामका हरिबहादुर मुखियाले बताए । आवास अनुमतिपत्रका लागि पेस गर्नुपर्ने प्रहरी रिपोर्टको प्रमाणीकरणको झन्झटले तनाव बनाएको मुखियाले गुनासो गरे । 'यही सेप्टेम्बरको पहिलो साता मेरो बायोमेट्रिक छ । मेरा धेरै साथीहरूको पनि यही सेप्टेम्बरमै बायोमेट्रिक छ । दुई वर्षदेखि कार्डको पर्खाइमा थिए । अब त कार्ड बन्ने भयो भनेर खुसी भएको कागजात प्रमाणीकरणको झमेलाले हैरानी खेप्नुपरेको छ,' मुखियाले दुःख व्यक्त गरे ।

उनले थप भने, 'अहिले नेपाली दूतावास पेरिसले प्रमाणीकरण गरिदिने भएपछि केही राहतको अनुभूति गरेको छु । दस्तुर त साह्रै महँगो रहेछ । १२ युरोमा हुने कामको लागि १०० युरो तिर्नुपर्ने भएछ । प्रमाणीकरण भएपछि फेरि मगाउनुपर्‍यो । त्यसमाथि कुरियर खर्च पनि थपिने भयो । साह्रै झन्झट हुने भयो ।'

बुटवलका हरिप्रसाद पाण्डेको समस्या पनि उस्तै छ । फ्रान्स हुँदै दुई वर्षअघि पोर्चुगल आएका पाण्डेको पनि यही सेप्टेम्बरमा बायोमेट्रिकको मिति तय भएको छ । पेस गर्नुपर्ने सबै कागजपत्र तयार भए पनि प्रहरी चारित्रिक प्रमाणपत्रको प्रमाणीकरण रोकिँदा दुई साता रनभुल्लमै बितेको पाण्डेले सुनाए । 'प्रमाणीकरणको काम रोकिएपछि नेपालबाट मगाएको प्रहरी रिपोर्ट २०० युरो खर्चेर केही दिनअघि दलालमार्फत भारत पठाउन बाध्य भए । दुई हजार रूपैयाँमा हुने कामलाई ३५ हजार रूपैयाँ खर्च गर्नुपर्‍यो । यो त साह्रै झन्झटिलो र खर्चिलो भयो । त्यसमाथि प्रमाणीकरणको तनावले हैरानी खेप्नुपर्‍यो । वाणिज्य दूतावास बन्द हुँदा हामीले पो सास्ती भोग्नुपर्‍यो,' आफ्ना पीडा सुनाउँदै पाण्डेले भने ।

मुखिया र पाण्डेको जस्तै कागजात प्रमाणीकरणको समस्याले सर्लाहीका बिक्रम आले पनि तनावमा परे । दूतावास बन्द हुँदा कागजात प्रमाणीकरणमा समस्या भएको आलेले गुनासो गरे । आवास अनुमतिपत्रका लागि बायोमेट्रिकको तयारीमा रहेका आलेले पनि एक साताअघि प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरण गर्न दलालमार्फत भारत पठाएको बताए । सबै कागजात तयार नै थियो । 'अकस्मात् महावाणिज्य दूतावास बन्द हुँदा प्रमाणीकरण कहाँ गएर कसरी गर्ने भन्ने अन्योलमा पारियो,' उनले भने । कागजात प्रमाणीकरणका लागि भारत पठाउनुपर्दा धेरै खर्चिलो भएको आलेले दुःखेसो गरे ।

यसैबीच फ्रान्सको पेरिसस्थित रहेको नेपाली दूतावासले शुक्रबार एक सूचना जारी गर्दै पोर्चुगलका नेपालीलाई कागजात प्रमाणीकरणको सेवा दिने जानकारी दियो । जसमा प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरण गरेबापतको दस्तुर १०० युरो अर्थात् झण्डै १४ हजार ७०० रूपैयाँ लाग्ने दूतावासले उल्लेख गरेको छ । दूतावासले भने सोही प्रकृतिको प्रहरी रिपोर्टको भाषा अनुवादसहित प्रमाणीकरण गरेबापत दस्तुर १२ युरो अर्थात् झन्डै एक हजार ८०० रूपैयाँ लिने गरेको थियो । दूतावासले प्रहरी रिपोर्ट प्रमाणीकरणबापतको दस्तुर चर्को तोकेको भन्दै पोर्चुगलका नेपालीले असन्तुष्टि जनाएका छन् भने लिस्बनबाटै कन्सुलर सेवा पाउनुपर्ने माग गरेका छन् ।

नेपाल प्रहरीले प्रहरी रिपोर्ट पूर्णतः निःशुल्करूपमा उपलब्ध गराउँदै आएको छ । त्यसमाथि विश्वको जुनसुकै मुलुकमा रहेका नेपालीले सहज र सरलरूपमा अनलाइनको माध्यमबाट प्रहरी चारित्रिक प्रमाणपत्रका लागि आवेदन दिन र अनलाइनबाटै पाउनसक्ने व्यवस्थासमेत गरेको छ भने उक्त प्रमाणपत्रलाई काठमाडौंस्थित रहेको कन्सुलर विभागलेसमेत जम्मा ५०० रूपैयाँमै प्रमाणीकरण गरी अनलाइनबाटै सहज र सरलरूपमा सेवा उपलब्ध गराउँदै आएको छ ।

महावाणिज्यदूतावास बन्द हुँदा बायोमेट्रिकको तयारीमा रहेका हजारौं नेपाली मारमा परेको गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्य राजकुमार थापाले बताए । पछिल्लो समय आप्रवासीका लागि पोर्चुगललेसमेत कडाइ गरेको अवस्था छ । कागजात प्रमाणीकरणको झमेलाले नेपालीहरू थप मारमा परेका छन् । पोर्चुगलबासी नेपालीको सहजताका लागि लिस्बनबाटै कन्सुलर सेवा सञ्चालन हुनुपर्ने थापाको भनाइ छ । फ्रान्समा रहेको नेपाली दूतावासले कागजात प्रमाणीकरणको सेवा दिने भए पनि चर्को सेवा शुल्कका कारण पोर्चुगलका नेपाली मारमै परेको थापाले बताए ।

गैरआवासीय नेपाली संघ पोर्चुगलका पूर्वअध्यक्ष लक्ष्मीप्रसाद सापकोटाले महावाणिज्यदूतावास बन्द हुँदा कागजात प्रमाणीकरणमा समस्या देखिएको बताए । लिस्बनबाटै पाइँदै आएको सेवा बन्द हुँदा कागजात प्रमाणीकरणका लागि नेपाली दूतावास फ्रान्स र भारतको नयाँ दिल्लीस्थित रहेको पोर्चुगिज दूतावास र नेपाली दूतावासबाट प्रमाणीकरण गर्नुपर्ने बाध्यता सिर्जना भएको सापकोटाले बताए । 'यसले धेरै नेपालीलाई गाह्रो भएको छ । दूतावास नआउन्जेलसम्मका लागि महावाणिज्य दूतावासको सेवालाई नै निरन्तरता दिएको भए यो खालको समस्या नै आउने थिएन,' सापकोटाले भने ।

सूचनाविना नै अकस्मात् महावाणिज्य दूतावास बन्द हुँदा यहाँ रहेका हजारौं नेपालीले समस्या भोग्नुपरेको नेपाल आदिवासी जनजाति महासंघ पोर्चुगलका अध्यक्ष चोपकुमार रानामगरले बताए । कागजात प्रमाणीकरणको समस्याले पोर्चुगलमा नेपालीको अवस्था विकराल बनेको उनले बताए ।

यता पोर्चुगलका लागि गैरआवासीय नेपाली राजदूत तथा फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईले भने पोर्चुगलमा देखापरेको समस्याका विषयमा आफू जानकार रहेको र सो सम्बन्धमा समाधानका लागि प्रयास भइरहेको बताए । 'त्यहाँ देखापरेको समस्या समाधानका लागि टोली खटाएरै भए पनि कन्सुलर सेवा दिने योजना बनाएका छौं । जतिसक्दो छिटो लिस्बनबाटै कन्सुलर सेवा दिने तयारी गरिरहेका छौं,' राजदूत भट्टराईले भने ।

दूतावासले बायोमेट्रिकको तयारीमा रहेका नेपालीलाई लक्षित गरी प्रहरी रिपोर्टको प्रमाणीकरणका लागि आएका कागजात सकेसम्म छिटो उपलब्ध गराउने गरी काम गरिरहेको उनले बताए । प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरणबापत दस्तुर अत्यधिक बढी भयो भन्ने गुनासोका सन्दर्भमा राजदूत भट्टराईले दस्तुर दूतावासले तोकेको नभई राज्यले तोकेबमोजिम नै उल्लेख गरिएको स्पष्ट पारे ।

गत साउन १५ गते महावाणिज्य दूतावास बन्द भएपछि दुई साताभन्दा बढी कागजात प्रमाणीकरणलगायत कन्सुलर सेवा ठप्प भएको थियो । कागजात प्रमाणीकरण के-कसरी र कहाँबाट गर्ने भन्ने अन्योल सिर्जना भएको थियो । पोर्चुगलको आवास अनुमतिपत्र, पारिवारिक पुनःमिलन वा अन्य कागजी प्रक्रियाको प्रयोजनका लागि नेपालबाट ल्याइने जन्मदर्ता, प्रहरी चारित्रिक प्रमाणपत्र, विवाह दर्ता, नाता प्रमाणितलगायतका कागजातलाई नेपाल सरकारको आधिकारिक निकायले प्रमाणीकरण गर्नुपर्ने हुन्छ ।

पोर्चुगलमा नेपाली दूतावास नभए पनि हालसम्म कागजात प्रमाणीकरणलगायतका कन्सुलरसम्बन्धी काम लिस्बनस्थित रहेको दूतावासले गर्दै आएको थियो । दूतावास बन्द भएपछि पोर्चुगलको आवास अनुमतिपत्र र पारिवारिक पुनःमिलनका लागि नेपालबाट ल्याइने जन्मदर्ता, प्रहरी चारित्रिक प्रमाणपत्र, विवाह दर्ता, नाता प्रमाणितलगायतका कागजातलाई फ्रान्सस्थित नेपाली दूतावास र भारतको नयाँ दिल्लीस्थित रहेको पोर्चुगिज दूतावास र दिल्लीस्थित रहेको नेपाली दूतावासबाट प्रमाणीकरण गर्नुपर्ने बाध्यता सिर्जना भएको छ ।

पोर्चुगलका लागि राजदूत नियुक्त भइसकेको भए पनि दूतावास कहिलेसम्म आउने भन्ने तिथिमिति भने तय भइसकेको छैन । सरकारले परराष्ट्र मन्त्रालयका सहसचिव प्रकाशमणि पौडेललाई पोर्चुगलका लागि राजदूत सिफारिस गरेको छ । यसअघि पोर्चुगलका लागि राजदूत सिफारिस भएका सनिल नेपाल भने पोर्चुगल आउन नपाई फिर्ता बोलाइएका थिए । हाल उनी स्पेनका लागि राजदूत सिफारिस भएका छन् ।

हालसम्म नेपाली दूतावास नभएको पोर्चुगलमा अवैतनिक महावाणिज्य दूतावासले विगत १० वर्षदेखि कागजात प्रमाणीकरणलगायतका कन्सुलरसम्बन्धी सेवा दिँदै आएको थियो । पोर्चुगलमा नेपालीको यकीन तथ्यांक नभए पनि अनुमानित ५० देखि ६० हजारको हाराहारीमा रहेको अनुमान छ ।

यसैबीच केही दिनअघिमात्रै राहदानी विभाग काठमाडौं र फ्रान्सस्थित नेपाली दूतावासको संयुक्त टोलीले राजधानी लिस्बनमा घुम्ती शिविर सञ्चालन गरेर तीन हजार ८०० बढी नेपालीलाई राहदानी सेवा दिएको थियो । रासस

● ● ●

## ९९ प्रतिशत...

भौगोलिक रूपमा विकट कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली जिल्लाका सबैको घरमा एक वर्षभित्रमा विद्युत् पुऱ्याउनेगरी काम भइरहेको छ ।'

प्राधिकरणले एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी) र युरोपेली लगानी बैंक (इआइबी)बाट २२ करोड अमेरिकी डलर सहुलियतपूर्ण ऋण लिएर लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा विद्युतीकरणका लागि निर्माण व्यवसायी छनोटगरी काम सुरु गरिसकेको छ । साथै, सरकारको लगानी र प्राधिकरणले आफूले आर्जन गरेको मुनाफाको केही अंश छुट्याएर अन्य क्षेत्रमा विद्युत् पहुँच विस्तारको प्रयत्न भएको कार्यकारी निर्देशक घिसिङले उल्लेख गरे ।

सात प्रदेशमध्ये मधेसमा सतप्रतिशत विद्युतीकरण भएको छ । कोशीमा ९९.३० प्रतिशत, बागमतीमा ९९.९७ प्रतिशत, गण्डकी ९९.४० प्रतिशत र लुम्बिनीमा ९८.४९ प्रतिशत विद्युतीकरण गरिएको छ । कर्णाली प्रदेशमा सबैभन्दा कम अर्थात् ७४.३८ प्रतिशत मात्र विद्युतीकरण छ । सुदूरपश्चिम प्रदेशमा ८६.५८ प्रतिशत विद्युतीकरण गरिएको छ । कूल ७७ जिल्लामध्ये हुम्लामा अझै राष्ट्रिय प्रसारण ग्रिड पुग्न सकेको छैन । हुम्लामा लघुजलविद्युत्, सौर्य ऊर्जालगायतका विद्युत् आपूर्ति भइरहेको छ । यस्तै, ७७ जिल्लामध्ये ५६ जिल्लामा ९५ देखि सतप्रतिशत विद्युतीकरण भएको छ । १० जिल्लामा ७५ देखि ९५ प्रतिशतसम्म, पाँच जिल्लामा ५० देखि ७५ प्रतिशतसम्म र छ जिल्लामा २५ देखि ५० प्रतिशतसम्म विद्युतीकरण गरिएको छ ।

कोशी प्रदेशका १४ जिल्लामध्ये सोलुखुम्बु र संखुवासभाबाहेक अन्य जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण भएको छ । सोलुखुम्बुमा ८९.०४ र संखुवासभामा ९३.९९ प्रतिशत विद्युतीकरण भएको छ । झापा, मोरङ, सुनसरी र धनकुटामा सतप्रतिशत विद्युतीकरण गरिएको छ । मधेस प्रदेशका आठ जिल्लानै पूर्ण विद्युतीकरण भएका छन् । बागमती प्रदेशका १३ जिल्लामध्ये काठमाडौं, ललितपुर, भक्तपुर, रामेछाप, नुवाकोट र चितवनमा सतप्रतिशत विद्युतीकरण भएको छ । बाँकी जिल्लामा पनि ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ ।

गण्डकी प्रदेशका ११ जिल्लामध्ये मनाङमा ८७.८१ प्रतिशत विद्युतीकरण भएको छ । तनहुँ, स्यांजा, पर्वत र कास्कीमा सतप्रतिशत विद्युतीकरण भएको छ भने बाँकी जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ । लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये रुकुमपूर्वमा सबैभन्दा कम अर्थात ३२.२४ प्रतिशत र रोल्पामा ८५ प्रतिशत मात्र विद्युतीकरण भएको छ । नवलपरासी, रूपन्देही, कपिलवस्तु, अर्घाखाँची, गुल्मी र बर्दियामा सतप्रतिशत विद्युतीकरण भएको छ । बाँकी जिल्लामा ९५ प्रतिशतभन्दा बढी विद्युतीकरण गरिएको छ ।

कर्णाली प्रदेशको रुकुम पश्चिममा सबैभन्दा बढी अर्थात् ९५.०८ प्रतिशत र मुगुमा सबैभन्दा कम अर्थात् ३१.८० विद्युतीकरण भएको छ । सुर्खेतमा ८६.४८, दैलेखमा ८१.०५, सल्यानमा ७९.५०, जाजरकोटमा ४९.८०, कालीकोटमा ७०.९६, जुम्लामा ६२.४७, डोल्पामा ४२.७५ र हुम्लामा ३२.५१ प्रतिशत विद्युतीकरण गरिएको छ ।

प्राधिकराण्का अनुसार सुदूरपश्चिम प्रदेशका नौ जिल्लामध्ये कञ्चनपुर र कैलालीमा सतप्रतिशत विद्युतीकरण भएको छ । बाजुरामा सबैभन्दा कम ३३.५१ प्रतिशतमात्र विद्युतीकरण भएको छ । डडेलधुरामा ९४.०८, डोटीमा ८८.०४, अछाममा ६५.९७, बैतडीमा ६१.७३, बझाङमा ६९.०३ र दार्चुलामा ८४.०१ प्रतिशत विद्युतीकरण भएको छ ।

● ● ●

## विभागको नयाँ ...

करिब सात महिना विभागमा महानिर्देशकको जिम्मेवारी सम्हालेका घिमिरेलाई मन्त्रालय फिर्ता बोलाए पनि अर्को जिम्मेवारी तोकिएको छैन । घिमिरे करिब तीन वर्षदेखि श्रम मन्त्रालय र अन्तरगतका निकायको जिम्मेवारीमा रहेका थिए । श्रम तथा वैदेशिक रोजगारसम्बन्धि जानकार रहे पनि सन्तोषजनक कार्य सम्पादन नगरेको भन्दै घिमिरेलाई श्रम मन्त्री शरत सिंह भण्डारीले फिर्ता गराएको मन्त्रालय स्रोतको भनाई छ ।

घिमिरेअघिका महानिर्देशक मदन दाहाललाई पनि मन्त्रीले दिएका जिम्मेवारी पूरा गर्न नसकेको भन्दै करिब सात महिनामा नै मन्त्रालयमा फिर्ता बोलाइएको थियो । सो समयमा पनि भण्डारी नै श्रममन्त्री थिए । यसरी पटक-पटक महानिर्देशक फेरिनुले विभागको कार्य सम्पादनमा असर पुग्नुका साथै सेवाग्राही समेत मर्कामा पर्ने गरेको सरोकारवालाहरूको भनाइ छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७८/१०/०९ मा दर्ता भएको प्रा.लि. दर्ता नं. २८१०४०/०७८/०७९ को **मेडिटेक्निका एक्युप्मेन्ट्स नेपाल** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०४/३२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL EID FOOD CO

पूर्व स्वीकृति मिति : २०८०/०६/०८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/04 LT. No. 292824 चलानी नं. ६०२०८१४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helpers | 20 | 10 | 120 | ५१,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १२ गते (28th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd. Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SAEED SUWAID AL RASHDI GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८१/०१/१२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/04 LT. No. 303798 चलानी नं. ६०२१८५९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Worker | 1 | 0 | 1300 | ४६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 4 | 0 | 1300 | ४६,१४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १७ गते (2nd Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**कुवेतमा रोजगार**

कम्पनी : BIG BEAR DONUTS BAKERY, OVEN AND SWEETS
शहर : Hawally Governorate

पूर्व स्वीकृति मिति : २०८०/०३/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/04 LT. No.288844 चलानी नं.६०२०४२०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 0 | 220 | ९६,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef De Partie | 2 | 0 | 210 | ९१,८१५ | | | | | | | |
| 3 | Kitchen Helper | 1 | 0 | 150 | ६५,५८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १२ गते (28th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS RECRUITER NEPAL Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ALI ABDUL AZIZ BIN ALI AL ALI FOR CONTRACTING

पूर्व स्वीकृति मितिः २०८१/०५/०२ LT. No. 308928 चलानी नं. ६०२२३७८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DrLoading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १२ गते (28th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ishan Overseas Pvt. Ltd. श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com

**बहराइन/साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : CAKE BOUQUET

पूर्व स्वीकृति मितिः २०८१/०४/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/04 LT No. 308484 चलानी नं. ६०२२३१५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker/cook | 2 | 0 | 150 | ५३,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 2 | 0 | 150 | ५३,४४० | | | | | | | |
| 3 | Cleaner | 2 | 0 | 100 | ३५,६२५ | | | | | | | |

कम्पनी : ORIENTAL COFFEE CORNER CAFE TO SERVE DRINKS

पूर्व स्वीकृति मितिः २०८१/०४/30 LT No. 308958 चलानी नं. ६०२२३७८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier, Food Beverage | 1 | 0 | 1300 | ५१,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १२ गते (28th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd Govt. License 1553/079/80
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,
Contact: 9847416116, Email: hiringalfaraz@outlook.com

# घिन्ताङघिसी नाचसँगै भक्तपुरमा आठदिने गाईजात्रा सुरु



**भक्तपुर–** भक्तपुरमा आठ रात नौ दिनसम्म मनाइने गाईजात्रा पर्व मंगलबार सुरु भएको छ । सोमबार साँझ तौमढीस्थित भैरव मन्दिरबाट गुठी कार्यालयको घिन्ताङघिसी नाच निकालेर भक्तपुर परिक्रमा गरेपछि सुरु भएको मानिन्छ ।

सोमबार तलेजुको पूजा गरी साँझ तलेजुबाट गाई निकालेर जात्राको सुरुआत गरिएको तलेजुका मूल नाइके नरेन्द्रप्रसाद जोशीले जानकारी दिए । गाईजात्रा पर्वका अवसरमा भक्तपुर जिल्लाभरि नेवार समुदायले मंगलबार बिहानैदेखि टोलटोलबाट गाई निकालेर घिन्ताङघिसी नाच प्रदर्शन गर्दै गाइजात्रा मनाइएको छ ।

दिवंगत व्यक्तिको सम्झनामा यस पर्वका दिन नेवार समुदायको घरघरबाट गाईजात्रा निकाल्ने परम्परा रहेको संस्कृतिविद् बिन्दा जोशीले जानकारी दिए । मंगलबार गाईजात्राको दिन नौ जोर लुगा लगाउनुपर्ने, नौ थरी खाने कुरा खानुपर्ने र नौ पटक टोल घुम्नुपर्ने परम्परा रहिआएको छ । यस दिन दिवंगत भएका आफन्तको सम्झनामा गाईजात्राका सहभागीलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गर्ने परम्परा रहेको उनले जानकारी दिए ।

'घिनिताङ घिनिता घिन्ताङघिसी त्वांग' भनेर सांस्कृतिक गीत गाएर भक्तपुरमा नाचिने प्रसिद्ध घिन्ताङघिसी नाचको आकर्षण जात्रामा रहेको छ । केही वर्षयता घिन्ताङघिसी नाचमा विदेशी पर्यटकको पनि उल्लेख्य सहभागिता रहन थालेको छ । पर्यटन प्रवर्द्धन गर्न स्थानीय युवा क्लबले सञ्चालन गरेको नाचमा विभिन्न देशका पर्यटकले हातहातमा लौरो लिएर घिन्ताङघिसी नाच नाचेका थिए । जात्राको आकर्षणका रूपमा रहेको घिन्ताङघिसी नाचसँगै हनुमान नाच, जंगल नाच र माक प्याखं अर्थात् बाँदर नाचसमेत टोलटोलमा प्रदर्शन गरिएको छ । यसका साथै लाखे नाच, भैरव नाचलगायत देवीदेवताका नाचसमेत प्रदर्शन गरिएको छ ।

आर्थिक अवस्था कमजोर हुनेले पनि कुमार बनाएर घुमाउने तथा जिउँदो गाईमात्रै भए पनि घुमाउने परम्परा रहेको छ । विभिन्न घरबाट निकालिएको जात्रा दरबार स्क्वायर, बालाखु गणेश, चोछेँ, भोलाछेँ, महालक्ष्मी, नागपोखरी, क्वाठण्डौं, नवदुर्गास्थान, सूर्यमढी, दत्तात्रय, सुकुलढोका, गोलमढी, तौमढी, पोटरीस्क्वायर, वंशगोपाल, इताछेँ, खौमाको परिक्रमा गराउने गर्दछन् ।

जात्रा समापनका क्रममा तौमढीबाट साँझ परालबाट बनेको तमाचा र त्यससँगै भैरव नाचसमेत निकालिन्छ । तौमढीस्थित भैरव मन्दिरबाट निकालिएको तमाचा, यसपछि सोही टोलभित्र भरिबाट निकालिएको अन्य तमाचा र सबैभन्दा पछि नकिङजु अजिमाको तमाचा निकाली वंशगोपाल हुँदै विभिन्न ठाउँमा परिक्रमा गरी दरबार स्क्वायर चोकमा ती पटक परिक्रमा गरेपछि मंगलबारको जात्रा समापन गरिएको छ ।

### महाकाली प्याखँ नृत्य आजदेखि

मध्यपुरथिमि नगरपालिका-७ नगदेशमा मौलिक महाकाली प्याखँ (नृत्य) पाँच वर्षपछि पहिलोपटक आजदेखि प्रदर्शन हुने भएको छ । विभिन्न १६ देवीदेवताको मुकुन्डो र पोसाक लगाएर तान्त्रिक विधि पूरा गरी नाचिने महाकाली प्याखँ आज भदौ ५ गते साँझ ६ बजेदेखि सुरु हुने छ । मुहाली बाजा, नायखिँ, धाँ बाजा, तः, मृदङ, भुस्याय्, छुस्याय्लगायतका बाजाको संयुक्त तालमा नाचिने प्याखँमा महाकाली १, महादेवी १, महालक्ष्मी १, देवी १, वेताल ४, भूत भैरव २, कवाँ २, ख्याक २, माक २, सिंह १ गरी १६ देवीदेवताको प्रतीकका रूपमा नाचिने गरिन्छ ।

यस वर्ष महाकालीको भूमिकामा प्रनिश ज्यापु, महादेवीमा अविरल कोजु, महालक्ष्मीमा बिक्की डंगोल, सिंहमा रोनित तको, बेतालमा अविन कालु, शैलेश ज्यापु, रोनप बाडे र विप्लप साझचा, भूत भैरवमा निरोज बाडे र दिपेश बाडे, कवाँमा एरिन अवाल र क्षितिज बाडे, ख्याकमा रोजिन सलाजू र रिदेश तको, माकमा अभियान तको र अविक अवाल मुकुण्डो तथा पोसाक लगाएर नाच नाच्ने छन् ।

यस्तै वाद्यवादन समूह गरी ५० जनाभन्दा बढी कलाकारको सक्रिय सहभागिता रहने यो प्याखँ दैनिक करिब चार घन्टाका दरले नगदेशका विभिन्न टोलमा प्रदर्शन गरिन्छ । महाकालीमा विभिन्न २१ ताल रहेको र विभिन्न फरक-फरक समूह तालमा नचाइने परम्परा रहेको छ । मुख्य भूमिकामा रहेका देवीको एकल नाच पनि प्रदर्शनी हुने छ । नाचमा एकताल, दुताल, चौताल, परताल, ब्रह्मताल, अष्ट्राताल, बौतय्गु ताल, दैत्यसम्हार तालमा पूरै कलाकार सहभागी गराएर मृदङ, मूहाली, ताः, बौ, धा, भूस्या, नायखी, छुस्याय्लगायतका बाजा बजाएर महाकालीको एकल नाच, महालक्ष्मीको एकल नाच, कुमारीको एकल नाच प्रदर्शन गरिन्छ ।

पहिलो दिन आज ५ गते साँझ ६ बजेदेखि नाचिने यो नाच नगदेशका लाछी (गणेश मन्दिर अगाडि), दोस्रो दिन भदौ ६ गते नगदशेको वाहाननी, तेस्रो दिन भदौ ७ गते छ्वास त्वाः र अन्तिम दिन भदौ ८ गते साँझ ६ बजेदेखि नगदेशको सम्पूर्ण क्षेत्रमा प्रदर्शन गर्नुका साथै मोसी र सगुन ग्रहण गरिने भएको छ । मध्यपुरथिमिलाई भूतप्रेत, पिचास र दानवी शक्तिबाट जोगाउन यस्ता परम्परागत धार्मिक आस्था बोकेको महाकाली, भैलः (भैरव), लाय्कु भैलः प्याखँ प्रत्येक वर्षको परम्परा सुरु भएको बताइन्छ । *रासस*

# देशभर मनाइयो गाईजात्रा



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदाका दिनदेखि आठ दिन अर्थात् अष्टमीसम्म मनाइने गाईजात्रा पर्व उपत्यकालगायत देशभरका मुख्य सहरमा दिवंगत आफन्तको सम्झनामा विभिन्न कार्यक्रम गरी मनाइएको छ । गाईजात्राको भोलिपल्ट बौद्धमा र त्यसको पर्सीपल्ट जयबागेश्वरीमा रोपाइँजात्रा मनाउने गरिन्छ । गाईजात्राको भोलिपल्ट जयवागेश्वरीमा खड्गजात्रा मनाउने गरिएको छ । यसैगरी अन्य स्थानमा विभिन्न नामले गाईजात्रा मनाउने गरिन्छ । भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म मनाइने यो पर्व मल्लकालेखि सुरु भएको हो ।

एक वर्षयता दिवंगत भएका आफन्तको सम्झनामा मंगलबार गाई वा मानिसलाई गाईका रूपमा सिँगारी परिक्रमा गराएर दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गरी मनाइएको छ । गाईजात्राका अवसरमा उपत्यकाका विभिन्न स्थानमा सांस्कृतिक झाँकी र साजसज्जाका साथ गाईको भेषमा बालबालिकाको त्याली निकालिएको थियो । यस्तो झाँकी हेर्न सडकको नरनारीको उल्लेख्य उपस्थिति थियो ।

भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठदिन परम्परागत सांस्कृतिक उत्सव 'गाईजात्रा' मनाइन्छ । मृत्यु भएकाको सम्झनामा नगरपरिक्रमा गर्नाले गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन 'जनतालाई आ-आफ्नो मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनू' भनी आज्ञा दिएको ऐतिहासिक तथ्य छ । त्यति गर्दा पनि रानीको मन शान्त हुन नसकेपछि विभिन्न प्रकारका प्रहसन तथा व्यंग्यात्मक कार्यक्रम गराउने आदेश दिएअनुरूप जात्राको प्रचलन चलेको हो भन्ने जन श्रुति पाइन्छ । यसै बेलादेखि प्रचलनमा आएको गाईजात्रा हनुमानढोकास्थित राजप्रासाद भएर जानुपर्ने प्रथा अहिले पनि कायमै छ । देशका विभिन्न सहरमा गाईजात्रा मनाइने भए पनि उपत्यकामा यसको विशेष रौनकता हुन्छ ।

भाद्र कृष्ण अष्टमीका दिनसम्म मनाइने यस पर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यंग्यात्मक प्रदर्शन, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणको करुण रसका गीतहरू पनि गाइन्छन् । जात्राका क्रममा पाटनमा देखाइने सत्य युगको धान, चामलको नमूना, काठमाडौंको ठमेलमा देखाइने स्वर्ण तथा रजताक्षरमा लेखिएका पुस्तकहरू विशेष दर्शनीय मानिन्छन् । यो पर्व काठमाडौं उपत्यकालगायत बनेपा, धुलिखेल, पनौती, बाह्रविसे, त्रिशूली, दोलखा, खोटाङ, भोजपुर, चैनपुर, इलाम, धरान, विराटनगर, वीरगञ्ज, हेटौंडा र पोखरालगायतका सहरमा पनि मनाइन्छ । गाईजात्राका अवसरमा काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिइएको थियो ।

# लाखेनाच संरक्षणमा जुटे गाईघाटका नेवार समुदाय

**उदयपुर (प्रस)–** यहाँको त्रियुगा नगरपालिका क्षेत्रमा बसोबास गर्ने नेवार समुदाय परम्परागत लाखे नाच संरक्षणमा जुटेका छन् ।सोमबार ऋषितर्पनी पूर्णिमाको दिनदेखि सदरमुकाम गाईघाट बजारमा नेवार समुदायले संयुक्त रूपमा लाखे नाच सुरु गरेका हुन् । नेवा झिगुँ पुच उदयपुरका अध्यक्ष ज्ञानेन्द्र श्रेष्ठका अनुसार सोमबारदेखि त्रियुगा नगरपालिका क्षेत्रमा बसोबास गर्ने नेवार समुदायले संयुक्त रूपमा लाखे नाच सुरु गरेका हुन् ।

त्रियुगा नगरपालिकाको गाईघाट बजार, बोक्से, राजाबास, चुहाडे, बगाहा, देउरी, जोगिदह, मोथ्याई, असारी, भातीखर्कसहित पुराना गाईघाट क्षेत्रमा बसोबास गर्ने नेवार समुदायले आठवटा लाखे तयार गरेर संयुक्त रूपमा नाच्न सुरु गरेको नेवा झिगु पुचका जिल्ला सचिव गोपाल श्रेष्ठले जानकारी दिए । ऋषितर्पनी पूर्णिमाको दिनदेखि सुरु लाखे नाच कृष्ण अष्टमीको दिन सम्पन्न हुने नेवा झिगु पुचले जनाएको छ । गाईघाटका ८७ वर्षीय रत्न श्रेष्ठले भने, 'बाबु, बाजेको पालादेखि नाचिँदै आएको लाखे नाच संरक्षण गर्न र मौलिक संस्कृति संरक्षण गर्न बर्सेनि नेवार जातिले नाच्दै आएका छौं ।'

पुर्खाहरू पहाडी जिल्ला खोटाङ, ओखलढुंगा, भोजपुर, संखुवासभा, रामेछाप, काठमाडौं र काभ्रेबाट बसाइ सरी आएको र तराई आएपछि लाखे नाच संरक्षण गर्न बर्सेनि नाच्ने गरिएको नेवा देय दबु गाईघाटका अध्यक्ष हरि श्रेष्ठ बताउँछन् । लाखे लोप हुने अवस्थामा पुगेको र यसको संरक्षण गर्नुपर्ने स्थानीयवासी भागवत श्रेष्ठले बताए ।


**पेनशन पट्टा प्रमाणपत्रहरू हरायो सूचना**

मितिः २०८१/०३/१० गते कलंकीदेखि त्रिपुरेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली पेनशन पट्टा प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : बासुदेव सुवेदी
फोन : ९८६१५९५५१७
ठेगाना : पिण्डा-०५, धदिङ
कर्मचारी व्य. नं. : १३९४२८
पेनशन पट्टा नं.: ५७००७६
दर्जा : सु.क.(रा.प.अनं.प्र)
अवकाश मिति : २०६५/03/01
हकवालाको नामथर : दुर्गा सुवेदी



**ओमनमा रोजगार**

कम्पनी : MUBADIRAT SINAW TRADING
शहर : Mubadirat Sinaw Trading

पूर्व स्वीकृति मिति २०८०/०५/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/04 | LT. No.292123 | चलानी न ६०२०७२५९

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | OR | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Men Clothes Dressmaker | 18 | 0 | 130 | ४५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १२ गते (28th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

Lucky Human Resource Pvt.Ltd.
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



**घोडाघोडी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सुखड, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

**आन्तरिक आयको ठेक्का वन्दोवस्त गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/०५/०५

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११(घ) को उपदफा ६ अनुसार यस नगरपालिका क्षेत्र भित्र आन्तरिक आय सम्बन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले तपशिल बमोजिमको कर उठाउने ठेक्का लिन इच्छुक र योग्य (मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ सम्मको फर्म नवीकरण, आ.व. २०८०/०८१ को आयकर चुक्ता प्रमाण पत्र भएको) फर्म वा कम्पनीबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्न यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ । रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

| सि. नं. | ठेक्का नं. | ठेक्काको किसिम | न्यूनतम अंक (मु.अ. कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १. | GMUN/GOODS/04/081/082 | ढुंगा, गिट्टी र वालुवा बिक्री शुल्क संकलन कार्य (टेंग्ना नदी, कन्द्रा नदी र कन्द्री नदी) | ४,५८,११,९७३.६०/- (चार करोड अन्ठाउन्न लाख एघार हजार नौ सय त्रिहत्तर रुपिया र पैसा छ शून्य मात्र) | ५०००/- | कबोल अंकको ५% |
| २. | GMUN/GOODS/05/081/082 | ढुंगा, गिट्टी र वालुवा बिक्री शुल्क संकलन कार्य (डोडा नदी र भिंगेभाला नदी) | ३,४२,९८,६४०/- (तिन करोड बयालीस लाख अन्ठानब्बे हजार छ सय चालिस मात्र) | ५०००/- | कबोल अंकको ५% |

थप जानकारीका लागि यस नगर कार्यपालिकाको कार्यालयको वेबसाइट https://www.ghodaghodimun.gov.np/ne मा र www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ । साथै शर्त, ठेक्का अवधि तथा शुल्क लिने दररेट लगाएतको विस्तृत विवरण बोलपत्र फाराम साथ संग्लन गरिएको छ ।
जम्मा गर्नुपर्ने बैंकको नामः कृषि विकास बैंक, सुखड, कैलाली (घोडाघोडी नगरपालिकाको नाममा रहेको)
राजश्व खाता नं.: ०८२२३००४१११५१११६
धरौटी खाता नं.: ०८२२३००४१११५१०९९

प्रमुख प्रशासकीय अधिकृत



**युएई/कतारमा रोजगार**

कम्पनी : ZBQ TECHNICAL SERVICES CO. L.L.C
शहर : Al Khaimah Building 2

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पूर्व स्वीकृति मिति २०८१/04/02 | LT. No. 309148 | चलानी नं. ६०२२३७७८

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | AED | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Cleaner Indoor | 0 | 1 | 1000 | ३६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |
| 2 | General Helpers | 8 | 0 | 1000 | ३६,३८५ |  |  |  |  |  |  |  |

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मितिः २०७९/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०५/04 | LT. No. 272524 | चलानी नं. ६०१८८३१२

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | QR | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Business Executive | 1 | 0 | 4000 | १४३०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |
| 2 | Drive | 2 | 0 | 2200 | ७८,७०० |  |  |  |  |  |  |  |
| 3 | Electric Technician | 5 | 0 | 1200 | ४२,९२५ |  |  |  |  |  |  |  |
| 4 | Mason | 5 | 0 | 1200 | ४२,९२५ |  |  |  |  |  |  |  |
| 5 | Sales Supervisor | 1 | 0 | 3000 | १०७,३१५ |  |  |  |  |  |  |  |
| 6 | Supervisor | 2 | 0 | 3000 | १०७,३१५ |  |  |  |  |  |  |  |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १२ गते (28th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : HOT BAKE CATERING

पूर्व स्वीकृति मिति २०८१/०३/२८ | LT. No. 307445 | चलानी नं. ६०२२३७८७

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | QR | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Cashier | 0 | 1 | 1300 | ४७,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |
| 2 | Coffee Cook | 0 | 2 | 1400 | ५१,४७० |  |  |  |  |  |  |  |
| 3 | Cooker | 3 | 0 | 1500 | ५५,१४५ |  |  |  |  |  |  |  |
| 4 | Driver | 5 | 0 | 1400 | ५१,४७० |  |  |  |  |  |  |  |
| 5 | General Clean Worker | 3 | 0 | 1000 | ३६,७६५ |  |  |  |  |  |  |  |
| 6 | Helper | 5 | 0 | 1000 | ३६,७६५ |  |  |  |  |  |  |  |
| 7 | Hotel Services | 0 | 10 | 1200 | ४४,१२० |  |  |  |  |  |  |  |
| 8 | Salesman | 0 | 5 | 1300 | ४७,७९५ |  |  |  |  |  |  |  |
| 9 | Waiter | 8 | 8 | 1400 | ५१,४७० |  |  |  |  |  |  |  |

कम्पनी : MICRO HEALTH LABORATORIES

पूर्व स्वीकृति मिति २०८१/०३/२८ | LT. No. 307464 | चलानी नं. ६०२२३७८६

| सि. नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | QR | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Cashier | 0 | 2 | 1300 | ४७,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |
| 2 | Cooker | 3 | 0 | 1500 | ५५,१४५ |  |  |  |  |  |  |  |
| 3 | General Clean Worker | 5 | 0 | 1000 | ३६,७६५ |  |  |  |  |  |  |  |
| 4 | Lab Technician | 2 | 2 | 2600 | ९५,६०० |  |  |  |  |  |  |  |
| 5 | Nurse | 1 | 2 | 4200 | १५४,४१५ |  |  |  |  |  |  |  |
| 6 | Salesman | 0 | 3 | 1300 | ४७,७९५ |  |  |  |  |  |  |  |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १२ गते (28th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np
Licence No.: 811/065/066

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### मंकीपक्स भित्रिन नदेऊ

एमपक्स (मंकीपक्स) भाइरसको थप खतरनाक भेरियन्ट पहिचान भएसँगै विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले गत बुधबार विश्वव्यापी सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरेको छ । प्रजातान्त्रिक गणतन्त्र कंगोबाट सुरु भएर अन्य देशमा फैलिएपछि डब्ल्युएचओले दुई वर्षमा दोस्रोपटक यस्तो घोषणा गरेको हो ।

केही दिनयता अफ्रिकी मुलुक कंगोमा मंकीपक्स भाइरसका घातक प्रजाति 'क्लेड १ बी' फैलिरहेको छ । जनवरी यतामात्र उक्त भाइरसका कारण ५४८ जनाको मृत्यु भइसकेको तथ्यांक छ । यसलाई मध्यनजर गर्दै डब्ल्युएचओले गएको शुक्रबार एमपक्स भाइरसको थप खतरनाक भेरियन्टको फैलावटलाई नियन्त्रण गर्न खोपको उत्पादन बढाउन उत्पादकहरूलाई आग्रह गरेको छ । एमपक्स खोपको भण्डारण भएका देशलाई हाल प्रकोप फैलिएको देशलाई वितरण गर्न आग्रह गरिरहेको छ ।

यहीबीच छिमेकी मुलुक भारतमा मंकीपक्स भाइरसको संक्रमण द्रुतरूपमा फैलिरहेको छ । जसले नेपालमा पनि जोखिम बढाएको छ । खुला सीमा र नागरिकहरूको सहज आवातजावत हुने हुँदा संक्रमण फैलने जोखिम हुनु स्वाभाविक हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मंकीपक्स संक्रमणको जोखिममा नेपाल रहेको स्वीकार गरेको छ । र, यसको रोकथामको तयारी थालेको बताइएको छ । जुन अति आवश्यक भइसकेको छ ।

मंकीपक्स संक्रमित भएको व्यक्ति वा संक्रमित पशुसँगको सम्पर्कमा आउँदा, मानिसको घाउ, खटिरा, बिमिराको सम्पर्कबाट, शरीरमा निस्किएको तरल पदार्थ थुक, र्‍यालको सम्पर्कबाट, संक्रमित बाँदर, मुसा लोखर्केलगायत जनावरबाट र भाइरस रहेको ओछ्यान र लुगाबाट सर्दछ । मंकीपक्स संक्रमण भएमा ज्वरो आउने, सामान्यतया ज्वरो आएको एकदेखि तीन दिनभित्रमा छाला, अनुहार, हत्केला र पैतलामा डाबर देखापर्ने, डाबर परिवर्तन भई फोका हुँदै पाप्रा लागेर उप्किने, टाउको, ढाड र मांसपेशी दुख्ने र शरीरका ग्रन्थीहरू बढ्ने गर्दछन् । आँखामा संक्रमण भई दृष्टि गुम्ने, निमोनिया, मस्तिष्क ज्वरो, गर्भ खेर जाने र मृत्यु हुन सक्दछ ।

नेपालमा अघिल्लो वर्ष एकजना विदेशी ६० वर्षीया महिलामा मंकीपक्स संक्रमण देखिएको थियो । यसले पनि नेपाल मंकीपक्स संक्रमणको जोखिममा रहेको प्रस्ट हुने स्वास्थ्यविद्हरूको भनाइ छ । भने । कोरोना महामारीको प्रभावबाट अझै उठ्न नसकिरहेको यथार्थ हामीमाझ ताजै छ । महामारी फैलिएपछि तत्कालीन अवस्थामा जनधनको क्षति त हुन्छ नै त्यसले पुर्‍याउने दीर्घकालीन असर झन् घातक हुन्छ । मुलुकले प्रत्यक्ष भोगिरहेको समस्या हो यो । त्यसैले मंकीपक्सको संक्रमण फैलिन नदिन पूर्वसावधानी अपनाउनुको विकल्प छैन । हवाई तथा सीमा नाकामा रहेका 'हेल्थ डेस्क' तथा सरुवा रोगको निगरानी गर्न संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो जिम्मेवारीमा प्रभावकारी कदम चाल्न जरुरी छ ।

## मननयोग्य

### चाणक्य नीति

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरर यस्तो कसूर गर्नेलाई दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन् । जसलाई 'यमराज' पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटी हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नु पर्द भन्ने कुरा हामी ज्यादै थोरै व्यीक्त मात्रले थाहा पाएका छौँ ।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्हयाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुनछ । धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् ।

# प्रदीप गिरीले बालेको समाजवादको आलोक



■ डा. शोभाकर पराजुली

> मृत्यु शयचामा जीवन चियाइरहँदा पनि धिपधिपाइरहेको त्यो उनीभित्र उत्तिकै प्रदीप्त ज्योति थियो । परिवार अनि आफन्तहरूको घेरामा कहिल्यै नअटाएका उनका लागि बरु यो खुला संसार नै परिवारजस्तै थियो । त्यसैले त उनले नदीछेउमा आश्रम बनाए । असहायहरूलाई पढ्न लेख्न सिकाए । जातपातको भाषा कहिल्यै जान्न चाहेनन् । सबै मान्छे बराबर देखे । बरू आफूलाई सधैं फकीर बनाइराखे तर वंश अनि अंशमा कहिल्यै हक खोजेनन् । त्यो आफ्नो निजी जीवनमा पनि होइन र राजनीतिक जीवनमा पनि ।

बाँचिरहेको जिन्दगीका बेलामा कहीँकतै प्रदीप गिरीले भनेका थिए, 'मृत्यु नै जीवनको अन्तिम पाना हो ।' यो जीवन र जगत्लाई जसरी प्रदीप गिरीले बुझे, जिन्दगीलाई शास्त्रीय ऐनाबाट हेर्ने, जिउने र बुझ्नेहरू सायदै हुन्छन् यो संसारमा । उनले बाँचेको निजी जीवन, राजनीतिक र सामाजिक जीवनको त्यो अद्भूत संयोग सायदै कसैको जीवनमा हुन्छ । नेपाली समाज अनि राजनीतिमा एउटा कहिल्यै ननिभ्ने 'दीप' हो, प्रदीप गिरी । समाजवादी चिन्तकको छवि बनाएका प्रदीप गिरीले कहिल्यै लालचको जिन्दगी जिएनन् । कहिल्यै लाभको पद खोजेनन् । राजनीतिलाई कहिल्यै आफ्नो स्वार्थको भर्‍याङ बनाएनन् ।

समाज परिवर्तनको एउटा अभियान वा आन्दोलन र राजनीतिलाई फरक-फरक आँखाले हेर्ने अनि त्यही आदर्शलाई जिन्दगीको बाँच्ने शैलीमा ढाल्नसक्ने एउटा अलौलिक क्षमता लिएर जन्मिने यस्ता मान्छे जगतमा विरलै हुन्छन् । समकालीन नेपाली समाज र राजनीतिमा त्यही एउटा दुर्लभ नाम पनि हो, प्रदीप । वि.सं. २००४ मा सिरहाको बस्तीपुरमा जन्मिएका प्रदीपका पिता मित्रलाल आफैं नेपाली कांग्रेसका नेता थिए । बुबाका औंला समाएर उनले यो धर्तीमा आफूलाई उभ्याउन र पाइला चाल्न सिके । बुबाकै दीक्षाले उनीभित्र राजनीतिको चेत पनि उज्यालिइसकेको थियो ।

एउटा राजनीतिक परिवारमै हुर्के बढेका उनले सानै उमेरदेखि राजनीतिशास्त्रका ठेलीहरूदेखि दर्शनशास्त्रका मोटामोटा किताबहरू कण्ठै पारिसकेका थिए । उनी जन्मिदाको समय राणा शासन थियो । एक सय वर्ष जहाँनीया शासन चलाइसकेको राणाका ती अन्तिम दिनहरू थिए । थिचिएका अनि मिचिएका नेपाली समाज भित्रभित्र राणाविरुद्ध विष्फोटक तयारीमा थियो । यसको परिणाम २००७ फागुन ७ गते नेपालका राजनीतिक दल, दरबार र राणाहरूबीच भएको एउटा समझदारीले देशमा प्रजातन्त्र आयो ।

नेपालमा जन्मिए पनि उनको शिक्षादीक्षा भने भारतमै भएको थियो । १३ वर्षको उमेरदेखि नै राजनीतिको सक्रिय बाटोमा आफूलाई हिँडाउन सुरु गरिसकेका उनी त्यसपछि समाजवादका एक साधकका रूपमा स्थापित भए । भारतमै बसेर राजनीतिमा पाइला सार्दै गर्दा त्यो बेला नेपालमा राजा महेन्द्रले जनताको प्रजातान्त्रिक अधिकारमाथि 'कू' गरिसकेका थिए । २०१७ सालदेखि उनले जुन राजनीतिक बाटोमा आफ्ना पाइलाहरू अघि बढाउन खोज्दै थिए, त्यसपछिका ३० वर्षहरू फेरि दरबारसँग लड्दालड्दै बिते । भारतमा चलिरहेको स्वतन्त्रता आन्दोलनलाई कलिलो दिमागमै छापिसकेका उनलाई पञ्चायतविरोधी आन्दोलनमा अघि बढ्न झन सजिलो भयो ।


भारतमै पढ्ने बेलामा उनले बिपी कोइरालाको नाम धेरैपटक सुनिसकेका थिए । अरुजस्तै उनको मनमा पनि बिपीको एउटा अलग्गै तस्बिर छापिइसकेको थियो । भारतमै भएको एउटा कार्यक्रममा उनले बिपीलाई भेट्ने मौका पाए । त्यही भेट नै उनको राजनीतिक जीवनको एउटा मोड बनिदियो । त्यही कार्यक्रममा उनले बिपीलाई प्रतिप्रश्न सोधे । हत्तपत्त बिपीलाई प्रतिप्रश्न सोध्ने आँट कसैले पनि गर्दैनथे, यहाँसम्म कि अन्तर्वार्ता लिने पत्रकारहरूले समेत । एउटा कुनाबाट आफूलाई अप्रत्याशित त्यसमा पनि आलोचनात्मक प्रश्न गर्ने त्यो स्कुले ठिटो बिपीको नजरमा परिसकेको थियो । बिपीको त्यही नजर लागेको केटो २०२४ सालमा 'नेपाल छात्र संघ बनारस'को निर्वाचित उपाध्यक्ष बन्यो । बिपीभन्दा ३० वर्ष कलिला उनका राजनीतिक पाइलाहरू त्यसपछि फटाफट अघि बढ्न थाले ।

नेपाली कांग्रेसभित्र बिपीको राजनीतिक, सामाजिक र साहित्यिक दर्शन अनि सिद्धान्तहरूलाई आलोचनात्मक विवेचना गर्ने सायद उनी एक्लो प्राणी नै होला । र, पनि उनले आफ्नो राजनीतिक जीवनभरि बिपीकै व्यक्तित्त्व, विचार अनि राजनीतिक सिद्धान्तलाई अपनाइरहे । खासगरी राष्ट्रवादका सन्दर्भमा उनी र बिपीबीच जहिल्यै सैद्धान्तिक र व्यावहारिक मतभेदको खाडल रहिरह्यो । तथापि, बिपीले निर्माण गरेको राजनीतिक सिद्धान्त र क्षितिजबाट प्रदीप कहिल्यै टाढा भएनन् तर कहिल्यै प्रश्न गर्न छोडेनन् । युगभन्दा अलि चाँडै जन्मिएका बिपीलाई सायदै त्यो बेलाको समाजले चिन्यो । त्यस्तो रिक्तता बिपी आफैंले पनि अनुभव गरेको भनेर आफ्ना आत्मकथाहरूमा कताकता उल्लेख गरेका छन् । उनको एउटै चिन्ताको विषय हुन्थ्यो- शास्त्रीय बहस गर्ने समकालीन नै भएनन् ।

बिपीका अघि सधैं छाती तन्काएर उभिने उनी एउटा त्यस्तो तातोरातो युवा थिए, जसले बिपीसँग समाजवादका शास्त्रीय आयामहरूका बारेमा बहस गर्ने हिम्मत राख्थ्यो । अनि राष्ट्रवादका मुद्दामा बिपीसँग सवालजवाफ गर्ने हैसियत राख्थ्यो । बिपीलाई सीधासीधा प्रश्न सोध्न हिम्मत राख्ने उनलाई त्यही निहुँमा बिपीका विरोधी आँखाले हेर्नेहरूको कमी त थिएन तर पनि उनको अध्ययन अनि विश्लेषण क्षमताका अघि ती आलोचना र विरोधी नजरहरू कहिल्यै माथि उठ्न सकेनन् । उनको त्यो क्षमताका अघि ती सबै सधैं दबित रहे ।

यो आदत उनको आफ्नो निजी जीवनमा उत्तिकै थियो । जसले आफ्नाबारेमा प्रश्न गर्छ वा आलोचना गर्छ उसलाई नै उनले सधैं नजिक राखे । अर्थात् न उनी प्रश्न गर्न डराए, न आफूमाथि आउने प्रश्नहरूलाई पन्छाएर भागे । त्यही राजनीतिक कुशलता र क्षमताले नै उनी आफ्नो राजनीतिक दर्शनको पथमा सधैं प्रदीप्त भइरहे । राजनीतिक जीवनका आफ्नै सिद्धान्तहरू हुन्छन् । जिन्दगी बाँच्ने आफ्नै शैली हुन्छ । त्यसलाई जिउने आफ्नै स्वभाव हुन्छ । उनी जीवनभरि त्यस्तै रहे, जस्तो यो समाजले चिनेको प्रदीप थियो ।

एकपटक उनले बिपीलाई एउटा आग्रह गरेका थिए- 'सान्दाजु अब म आफूलाई समाजवादको अध्ययनमा सक्रिय बनाउँछु । समाजवादीहरूसँग सम्पर्क बढाइदिनुपर्‍यो ।' बिपीले भारतीय समाजवादी नेताहरूलाई पत्र लेखेरै उनलाई भेट्न र सम्बन्ध बढाउन सहजीकरण गरिदिएका थिए । त्यसबाटै उनमा समाजवादको व्याख्या विश्लेषणमात्रै होइन, त्यसको व्यावहारिकीकरणमा पनि आफूलाई अब्बल सावित गरे । यसरी उनी एउटा राजनीतिक व्यक्तिमात्रै नभएर सिंगो वैश्विक समाजवादी आन्दोलनका एक प्रणेताका रूपमा आफूलाई स्थापित भए ।



उनको एउटा खासियत के पनि थियो भने उनले आफू बाँचिरहेको सामाजिक संरचनालाई ठाडै चुनौती दिए । त्यो भनेको उनमा एक प्रकारको विद्रोही स्वभाव पनि जिउँदो र जाग्दो थियो । यसका कारण उनी परिवार र समाजबाट अलग हुनुपरे पनि आफ्नो सिद्धान्तबाट कहिल्यै डग्मगाएनन् । उनले सधैं भन्थे- 'यो समाज अनि सामाजिक संरचना हामी आफैंले आफ्नो सुविधाका लागि बनाएको हो । र, त्यसलाई भत्काउन सक्ने पनि हामी आफैं नै हो ।' कुनै बेला दलित समुदायका व्यक्तिलाई आफ्नो भान्सेका रूपमा राख्दा उनी परिवारबाटै बहिष्कृत हुनुपरेको थियो । तर, उनी कहिल्यै त्यसबाट विचलित भएनन् र बरू आफूलाई सधैं त्यस्तै दलित, पिछडिएका अनि सीमान्तकृत वर्गकै बीचमा राखे । जीवनको अन्तिमसम्मै उनका सहयोगी त्यस्तै समुदायका व्यक्ति थिए । उनको त्यही अडिग विचारका कारण नेपाली कांग्रेसले आफ्नो समावेशी नीति नै बनायो 'कदमजम' । यो नीति नेपाली कांग्रेसले अवलम्बन गर्नुको पछाडि प्रदीपकै योगदान थियो ।

समाजवादपछि उनको अर्को विद्वता भनेको मार्क्सवादको अध्ययन हो । खासगरी कम्युनिस्टहरूले आफ्नो सिद्धान्तको ग्रन्थ नै ठान्ने मार्क्सवादलाई सरलीकृत गर्ने उनले कुनै बेला कम्युनिस्ट स्कुलमा कम्युनिस्टहरूलाई मार्क्सवाद पनि पढाएका थिए । यसकारण उनलाई आदर्श मान्ने कम्युनिस्टहरूको पनि कमी छैन । फरक विचारधारा भए पनि उनले मुद्दा मिल्नेहरूसँग सधैं सम्बन्ध बढाउँदै लगे । चाहे युद्ध गरिरहेको माओवादी होस् वा अधिकारका लागि आन्दोलन गरिरहेको मधेसवादी दलहरू । युद्ध गरिरहेको तत्कालीन माओवादीविरुद्ध सारा रज्यशक्ति र राजनीतिक दलहरूसमेत एकातिर हुँदा प्रदीप एक्लै माओवादीको पक्षमा उभिए । उनले सधैं माओवादीले उठाएका मुद्दाहरूको सम्बोधन हुनुपर्छ भनिरहे । माओवादीलाई संसदीय बाटोमा ल्याउन पनि उनको धेरथोर भूमिका रह्यो । अनि मधेसमा आन्दोलन गरिरहेका तथा उनीहरूले उठाइरहेका मुद्दा र मागका विषयमा पनि उनी आफ्नै पार्टी नेपाली कांग्रेसभन्दा माथि उठेर लडे । मधेसको अधिकारका लागि उनले त्यहाँ संघर्षरत सबै पक्षसँग सम्बन्ध बलियो बनाए ।

वि.सं. २०७२ मा संविधानसभाले संविधान जारी गर्दा त्यसमा हस्ताक्षर नगर्ने एक सांसद उनी पनि हुन् । उनको यो संविधानप्रति सधैं एउटै मत रह्यो- यो अपुरो संविधान छ । त्यसको संशोधन जरुरी छ । संविधान अझै संशोधन हुन सकेको त छैन तर अब संविधान संशोधनकै लागि सत्तागठबन्धन बनिरहेको यो बखत भने उनी हामीमाझ छैनन् । उनले सधैं भन्थे- 'जुनसुकै वाद होस् या सिद्धान्त त्यसले अन्ततः जनताको जीवनमा समृद्धि ल्याउनुपर्छ । जनताले त्यो महसुस गरेको दिन सबै सिद्धान्त र वादहरू बराबर हुन्छन् । त्यसैले कसैलाई वाद र सिद्धान्तका आधारमा हेरिनु हुँदैन । बरु मुद्दाका आधारमा उनीहरूलाई आफ्नो पराई सम्झनुपर्छ ।' बिपीपछि शक्तिशाली सभापतिका रूपमा रहेका गिरिजाप्रसाद कोइरालासँग उनको सधैंभरि मतभेद यही कुरामा रहिरह्यो ।

पार्टीको नीति र सिद्धान्तभन्दा माथि उठेर 'गणतन्त्र'को अभियान चलाउन प्रेरित गर्ने उनी कहिल्यै पनि कसैको नियन्त्रित घेराभित्र रहेनन् । आफ्नो ब्रह्म, सिद्धान्त र विचारले जे देख्यो उनले त्यसै गरे । यहाँसम्म कि विचारमा असहमति बढ्दै जाँदा उनी मूल पार्टीबाट अलग पनि भए तर कहिल्यै आफ्नो आत्मसिद्धान्तविपरीत सम्झौता गरेनन् । त्यसैले कतिपयले उनलाई अराजक भनेर पनि आलोचना र टिप्पणी गर्छन् । तथापि उनी आफ्नै स्वभावमा बाँच्ने रमाउने व्यक्तित्त्व थिए । त्यसैले उनमा कहिल्यै लोभलालच जागेन अर्थात् उनले अपनाएको राजनीतिक सिद्धान्तले कहिल्यै पनि लाभको पदमा बस्न सिकाएन । मन्त्री बन्न आएका कतिपय प्रस्तावहरूलाई उनले ठाडै अस्वीकार गरे । कहिल्यै कुनै राजनीतिक भाग खोजेनन् र आफूलाई अनि आफ्नाहरूलाई पनि त्यसका लागि रोजेनन् । तर, जनताका कामका लागि भने उनी सधैं अघि लागेर खटिए । त्यसैको परिणाम हो उनले चुनावमा भोट माग्न कहिल्यै गएनन् । बरु मतदाताहरू उनलाई भेट्न आएरै शुभेच्छा दिन्थे, अनि चुनावमा भोट हालेर उनलाई जिताउँथे ।

एउटा कुलीन परिवारमा जन्मिए पनि उनमा न कहिल्यै धन सम्पत्तिको लोभ रह्यो, न त्यसको रवाफ । उनले सधैं आफूलाई भूइँमान्छेका रूपमा उभ्याए । भूइँमान्छेहरूसँग रहे । समाजवादलाई आफ्नो आदर्श ठान्नेहरूको सबैभन्दा ठूलो गुण यही नै हो र समाजवादको असली अभ्यास नै यही हो । आफूलाई कहिल्यै विलासी संस्कारमा नढालेका उनको यही सन्तपन नै आमनागरिकका लागि अनुराग बन्यो । आफ्ना आदर्श र सिद्धान्तहरूलाई उनले कतिसम्म व्यवहारमा उतार्थे भन्ने यो एउटा बलियो उदाहरण हो । आफ्ना सारा सम्पत्तिलाई आफ्नै बस्तीमा आश्रम बनाएर उनले बेसहाराहरूलाई साहारा दिने कोसिस गरे । मृत्यु शयचामा जीवन चियाइरहँदा पनि धिपधिपाइरहेको त्यो उनीभित्र उत्तिकै प्रदीप्त ज्योति थियो । परिवार अनि आफन्तहरूको घेरामा कहिल्यै नअटाएका उनका लागि बरू यो खुला संसार नै परिवारजस्तै थियो । त्यसैले त उनले नदीछेउमा आश्रम बनाए । असहायहरूलाई पढ्न लेख्न सिकाए । जातपातको भाषा कहिल्यै जान्न चाहेनन् । सबै मान्छे बराबर देखे । बरु आफूलाई सधैं फकीर बनाइराखे तर वंश अनि अंशमा कहिल्यै हक खोजेनन् । त्यो आफ्नो निजी जीवनमा पनि होइन र राजनीतिक जीवनमा पनि ।

कहिल्यै उनी सत्तामा जान चाहेनन् । कहिल्यै त्यो चाह वा मोह पनि राखेनन् । राजनीतिकरूपमा एक नेता अनि शासक बन्ने चाहनाबाट उन्मुक्त उनी सधैं जीवन दर्शनको खोजमै तल्लीन रहे । वंशका लागि कहिल्यै चिन्ता गरेनन् । सम्बन्ध र प्रेमलाई पनि कहिल्यै उनले महत्त्व दिएनन् । परिवार अनि आफन्तहरूको घेरामा कहिल्यै नअटाएका उनका लागि बरू यो खुला संसार नै परिवारजस्तै थियो । अनि अरूका लागि प्रदीप बनेका थिए ।

भौतिक संरचनाको निर्माणमात्रै विकास होइन र त्यसले मात्रै समृद्धि ल्याउँदै भन्ने मान्यता राख्ने उनले विकासे संरचनाहरूले जनताको जीवनमा के चाहिँ परिवर्तन ल्यायो भनेर मूल्यांकन गर्नुपर्ने ठान्थे । उनले विकासे अभियानलाई कहिल्यै समाजवादको जग मानेनन् । अर्थतन्त्रको उदारीकरणसँगै राज्य नागरिकप्रतिको आफ्नो दायित्वबाट विमुख हुनु हुँदैन भनेर सधैं खबरदारी गरिरहनुपर्ने उनको मान्यता थियो । यसैलाई लोकतान्त्रिक समाजवादका रूपमा व्याख्या पनि गर्न सकिन्छ । राजनीतिक, आर्थिक तथा सामाजिक जीवनका दर्शन र सिद्धान्तका ठेलीहरू कन्ठस्थ पारेका उनी कहिल्यै एकांकी भएनन् । ज्ञानको भारीले उनलाई कहिल्यै थिचेन बरु उनी चंगाजस्तै फुरुंग थिए, भूइँमान्छेहरूसँग रमाउँदा, उनीहरूसँग संवाद गर्दा र उनीहरूका समस्याको समाधान गरिदिँदा ।

उनको जीवनगाथा एउटा सानो आलेखमा अट्ने खालको हुँदै होइन । उनले बाँचेको जीवन अनि उनले अपनाएको जीवनशैलीका फेहरिस्त लेख्ने हो भने त जीवन दर्शनको एउटा सिंगो ठेली नै बन्छ । उनी एक नेतामात्रै होइनन्, राजनीतिज्ञमात्रै पनि होइनन्, उनी जीवनका साधकमात्रै होइनन् र त्यसका लागि साधनामात्रै पनि गरेनन् । चिन्ता र चिन्तनमात्रै पनि गरेनन् । बरु जस्तो थिए त्यस्तै बाँचिदिए । जस्तो जीवन बाँचे, त्यस्तै विचार निर्माण गरेर गए । एउटा त्यस्तो विचारको बत्ती जलाएर उनी गएका छन्, त्यसले नेपाली समाज र राजनीतिलाई जुगौंजुगसम्म आलोकित बनाइरहने छ । *रासस*

*(लेखक राजनीतिक विश्लेषक हुन्)*

# पर्यटकको रोजाइमा निर्माणाधीन 'बुङालुङ' ढुंगे बगैंचा



■ केदार मगर

**खोटाङ–** झट्ट हेर्दा बालुवा र सिमेन्ट प्रयोग गरेर कालीगढले बनाएजस्तो देखिने सेतो रङका आकर्षक ढुंगाले ककनीडाँडा ढपक्कै ढाकिएको छ । प्राकृतिकरूपमै आकर्षक विभिन्न आकृति देखिने ढुंगैढुंगाले बनेको ककनीडाँडा १६० रोपनी क्षेत्रफलमा फैलिएको छ ।

त्रिधार्मिकस्थल हलेसीबाट करिब ३० मिनेटको उकालो पैदलयात्रामा पुगिने पर्यटकीयस्थल ककनीडाँडामा 'रक गार्डेन' (ढुंगे बगैंचा) निर्माणाधीन अवस्थामा छ । लामो समयदेखि स्थानीय बासिन्दा घुमफिर र वनभोज जाने ककनीडाँडालाई स्तरोन्नति गरेर आन्तरिक तथा बाहृय पर्यटकका लागि आकर्षकस्थल बनाउन हलेसी तुवाचुङ नगरपालिका लागिपरेको हो ।

प्राकृतिकरूपमै सजिसजाउ भएका ढुंगालाई थप सजाउने, ढुंगाका बीचबीचमा सुहाउँदो फूल रोप्ने, ठाउँ-ठाउँमा ढुंगे गेट (प्रवेशद्वार) बनाउने, ढुंगेधारा निर्माण गर्ने, ढुंगा कुँदेर महादेवलाई भस्मासुरले लखेटेको दृश्य झल्काउने मूर्ति बनाउने, प्राकृतिक ढुंगालाई नचलाइकन कालो, सेतो र रातो रङको ढुंगा मिश्रण गरेर फूलको आकृति बनाउने, विभिन्न कला तथा संस्कृति झल्कने सजावट गर्ने काम भइरहेको छ । हलेसी तुवाचुङ-७ महादेवस्थानस्थित ककनीडाँडामा निर्माणाधीन रक गार्डेनलाई नगरपालिकाले 'बुङालुङ' नामकरण गरेको छ ।

विश्वको सर्वोच्च शिखर सगरमाथालगायत हिमालको तस्बिर कैद गर्ने, दृश्यावलोकन गर्ने र मनोरञ्जन गर्ने ढुंगाकै स-साना गेट निर्माण गर्ने र रक गार्डेनका रूपमा विकास गर्ने चारैतिर घेराबार तथा पर्खाल लगाउने काम नगरपालिकाले गरिरहेको छ । यसैगरी, एक क्षेत्रबाट अर्को क्षेत्र पुग्न ढुंगाकै कलात्मक सिँढी निर्माण गर्न, पर्यटक विश्रामका लागि डाँडाडाँडामा काठका बिसौनी राख्नेगरी तयारी गरिएको छ । यसबाहेक रक गार्डेनमा विद्युत्, खानेपानीको व्यवस्था, विश्रामस्थल, केबलकार, भोजनालयलगायत संरचना निर्माण गर्नेसम्मको परिकल्पना गरिएको छ ।

भस्मासुर राक्षसले महादेवलाई लखेट्दा ककनीडाँडामा महादेवको पाइला परेपछि ढुंगाको कलात्मक आकृति निस्किएको किंवदन्ती छ । निर्माणाधीन अवस्थामै आन्तरिक तथा बाहृय पर्यटकको रोजाइमा परेको ककनीडाँडा हलेसी भएर जाने सरकारको १०० वटा पर्यटकीय गन्तव्य मुन्दुम ट्रेल (पदमार्ग) को प्रवेशस्थलमा पर्दछ ।

किराँती सभ्यतासँग सम्बन्धित मुन्दुम ट्रेल हलेसीबाट सुरु भएर रूपाकोट, टेम्के, मैयुङहुँदै सालपा सिलिचुङसम्मको निर्धारण गरिएको छ । हिन्दू, बौद्ध र किराँत धर्मावलम्बीको संगमस्थल हलेसी र ककनीडाँडा नजिकै किराँत सभ्यताको उद्गमस्थल मानिने तुवाचुङ-जायजुम अवस्थित छ । सरकारले निर्धारण गरेको १०० वटा गन्तव्यमा पर्ने मुन्दुम ट्रेलको प्रवेशस्थलमा अवस्थित ढुंगैढुंगाले बनेको रमणीयस्थल ककनीडाँडामा निर्माण सुरु गरिएको रक गार्डेनलाई महत्त्वका साथ हेरिएको छ । लामो समयदेखि प्रयोगविहीन ककनीडाँडामा नगरपालिकाको पहलमा आधुनिक किसिमको रक गार्डेन निर्माण सुरु गरिएपछि स्थानीयबासिन्दा पनि हर्षित बनेका छन् ।

ककनीडाँडामा रक गार्डेन निर्माण सुरु गरिएलगत्तै आसपासका जग्गा घडेरीका रूपमा किनबेच सुरु भएको नगर प्रवक्ता एवं महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिए । उनले भने, 'निर्माणाधीन अवस्थाका रक गार्डेन हलेसी आउने पर्यटकका लागि अर्को गन्तव्यस्थल बनेको छ । रक गार्डेन घुम्न तथा अवलोकन गर्नलाई अहिलेसम्म कुनै टिकट लिनुपर्दैन । निर्माण सम्पन्नपछि ठेक्का लगाएर प्रवेश शुल्क लिने योजना छ । यसले नगरको आन्तरिक आयस्रोत वृद्धिमा सघाउ पुग्ने अपेक्षा गरेका छौं ।'

फलामे डण्डी तथा तार प्रयोग गरेर निर्माण गरिएका घेराबाराभित्र रहेको रक गार्डेनमा गार्ड हाउस, रेस्टुरेन्ट, प्रमुख प्रवेशद्वार, शौचालय, टिकट काउण्टर निर्माण गरिएको छ । निर्माणाधीन अवस्थामा रहेको रक गार्डेनबाट सर्वोच्च शिखर सगरमाथालगायत विभिन्न हिमशृंखला, छिमेकी जिल्ला सोलुखुम्बु, ओखलढुंगा, भोजपुर र रामेछाप तथा तराईका विभिन्न फाँट अवलोकन गर्न सकिन्छ ।

रक गार्डेनलाई कतिपयले म्युजिक भिडियो छायांकन गर्ने स्थलका रूपमा विकसित हुन थालेको छ । हलेसी नजिकै रहेको रक गार्डेन काठमाडौंबाट मध्यपहाडी लोकमार्गमार्फत गाडीमा सिन्धुली-खुर्कोट-घुर्मी-जयरामघाट हुँदै आउन सकिन्छ । तराईका जिल्लाबाट सिराहको मिर्चैया-उदयपुरको कटारी-घुर्मी-जयरामघाट तथा धरान-धनकुटा-भोजपुर-चखेवाभञ्ज्याङ-दिक्तेल हुँदै पनि यहाँ आउन सकिन्छ भने मध्यपहाडी लोकमार्गअन्तर्गत जयरामघाट-हलेसी सडकबाट रक गार्डेन पैदल २०-२५ मिनेटमा र सवारीसाधनमा करिब १० मिनेटमा पुगिन्छ । चट्टानै-चट्टानको प्राकृतिक संरचनामध्ये ५६ रोपनी जग्गालाई समेटेर रक गार्डेन बनाइने विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख छ ।

रक गार्डेन सम्पन्न गर्न पाँच करोड रूपैयाँभन्दा बढी लाग्नेगरी डिपिआर तयार भएको नगरउपप्रमुख रमेश राउतले जानकारी दिए । 'रक गार्डेन निर्माणमा अहिलेसम्म करिब तीन करोड रूपैयाँ खर्च भइसकेको छ । निर्माणाधीन अवस्थामै पर्यटकको रोजाइमा परेकाले निर्माणको कामलाई तीव्रता दिएका छौं,' उनले भने, 'अहिले रक गार्डेन आवतजावत गर्ने सडक ढलान भइरहेको छ । सडक ढलानको काम सम्पन्न भएपछि सहजरूपमा आवतजावत गर्न हुन्छ ।'

तीन तहका सरकारको संयुक्त लगानीमा रक गार्डेन निर्माण गर्नेगरी स्तरोन्नति थालिएको हो । नगरपालिकाभित्र पर्ने सबै पर्यटकीयस्थलको स्तरोन्नति गर्दै पर्यटन प्रवर्द्धन गर्ने योजना बनाइएको नगरप्रमुख विमला राईले बताइन् । उनले भनिन्, 'हाम्रो नगरपालिकाभित्र विश्वप्रसिद्ध त्रिधार्मिकस्थल हलेसी, किराँत समुदायको उद्गमस्थल तुवाचुङ-जायजुमलगायत दर्जन बढी धार्मिक तथा पर्यटकीयस्थल छन् । ती सबै धार्मिक तथा पर्यटकीयस्थलको स्तरोन्नति एवं प्रवर्द्धन गरिरहेका छौं,' उनले भनिन्, 'नगरपालिका धार्मिक तथा पर्यटकीयस्थललाई समेटेर क्युआर कोड विकास गरिरहेका छौं । यसभित्र धार्मिक तथा पर्यटकीयस्थलको परिचय, महत्त्व, विशेषता, दूरीलगायत विषय समेटिने छन् । यसले बाहिरबाट आउने पर्यटकका लागि यहाँका धार्मिक तथा पर्यटकीयस्थलका बारेमा बुझ्न र घुम्नका लागि सहयोग पुग्ने अपेक्षा गरेका छौं ।' नगरपालिकाले सुरु गरेको पर्यटन प्रवर्द्धनका कामप्रति प्रदेश तथा संघीय सरकारले लगानी गरेपछि जिल्लाका पर्यटन व्यवसायी उत्साहित छन् । *रासस*

# घोडेपानी सडक अवरुद्ध हुँदा पर्यटक र स्थानीयलाई सास्ती



**म्याग्दी–** म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक अवरुद्ध हुँदा पर्यटक र स्थानीयवासीलाई समस्या भएको छ । अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरबाट घार-खिवाङ-शिख-चित्रे सडकअन्तर्गत अन्नपूर्ण-५ घोप्टेखर्कमा पहिरोले सडक भत्काएपछि गत साउनदेखि घोडेपानीमा यातायात अवरुद्ध बनेको हो ।

सडक अवरुद्ध हुँदा घुम्न आउने पर्यटक र स्थानीयवासीलाई आवतजावतका साथै होटल व्यवसायीलाई दैनिक उपभोग्य सामग्री ढुवानी गर्न समस्या भएको घोडेपानीका होटल व्यवसायी तारा पुनले बताए । 'गाडी चढेर घोडेपानी घुम्न आउने पर्यटकलाई सडकले समस्या बनाएको छ,' उनले भने, 'पर्यटकीय याम सुरु हुन लागे पनि होटलका लागि आवश्यक तरकारी, खाद्यान्नलगायत सामग्री ढुवानी गर्न पाएका छैनौं ।'

घोप्टेखर्कमा करिब १० मिटर सडकको डिलतर्फको भाग भत्किएपछि मोटरसाइकलबाहेक जिप, बस, ट्रक, ट्र्याक्टर वारपार गर्न सकेका छैनन् । पोखरेबगर-चित्रे-घोडेपानी सडकअन्तर्गत लुलीया र हल्लेखर्कको घुम्तीमा सडक भासिएपछि बस र ट्रक सञ्चालन हुनसकेको छैन ।

वार्षिक ३० हजार जनाको अनुपातमा विदेशी पर्यटकले भ्रमण गर्ने घोडेपानीमा सोभन्दा बढी आन्तरिक पर्यटक आउँछन् । पहाडको टाकुरामा अवस्थित घोडेपानी र नजिकैको पुनहिल सूर्योदय, हिमशृंखला, पहाडी भूगोल, गुराँसे जंगल, वन्यजन्तु, पक्षी, मगर संस्कृतिलगायत आकर्षण रहेको छ ।

अठार किलोमिटर ५४० मिटर दूरीको पोखरेबगर-चित्रे सडकमार्ग खुलेको १५ वर्षपछि गत वर्ष स्थानीय पूर्वाधार विकास कार्यालय कास्कीमार्फत करिब ३० करोड रूपैयाँको लागतमा ग्राभेल, ढलान र कालोपत्र गरिएको थियो । अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले पहिरोले क्षति पुऱ्याएको सडक मर्मतका लागि आयोजना कार्यालयमा पहल र गाउँपालिकाले खिवाङ-कुटुका-पेरीभारानी-घोडेपानी जोड्ने वैकल्पिक सडक स्तरोन्नतिको तयारी गरेको बताए ।

अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन, उपाध्यक्ष दिवा तिलिजा पुनलगायतको टोलीले गत साउनमा प्रधानमन्त्री केपी शर्मा ओली र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री देवेन्द्र दाहाललाई भेट गरी पोखरेबगर-चित्रे सडकको दीर्घकालीन समस्या समाधानका लागि ध्यानाकर्षण गराएको थियो । *रासस*


## Free Visa!! Free Ticket!!
## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KHARAFI GLOBAL FOR GEN TRADING AND CONTRACTING CO

पूर्व स्वीकृति मिति २०८०/०६/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/०४ | LT. No. 293951 | चलानी नं. ६०२०९११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 12 | 0 | 125 | ५४,१५० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Barista | 15 | 15 | 125 | ५४,१५० | | | | | | | |
| 3 | Cook | 30 | 15 | 135 | ५८,४८५ | | | | | | | |
| 4 | Waiter | 30 | 20 | 115 | ४९,५०० | | | | | | | |

प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ११ र १२ गते (27 & 28 Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE
श्रम ईजाजत नं. ६२२/०६६/०६७

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com


## चौंरीदेउराली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## Invitation for Electronic Bids

**1st Date of Publication: 2081/05/05**

Chaunrideurali Rural Municipality,Dhadkharka Bhanjyang, Kavre invites electronic bids from duly eligible & qualified registered bidders for the procurement of following works under NCB/WORKS . Name & identifications of contracts are mentioned below though the details are in the bidding document.

<table>
<tr><th>S. N.</th><th>Contract Identification No.</th><th>Description of Works</th><th>Bid Document Fee Amount</th><th>Bid security Amount</th><th>Bid Submission Deadline</th><th>Bid Opening Date</th></tr>
<tr><td>1</td><td>CDRM/WORKS/ NCB/01/081/82</td><td>Kafle dekhi DCWC Aspatal hudai koldanda sadak Chaunrideurali-2,3</td><td rowspan="2">NRs.3000.00/-</td><td rowspan="2">NRs.450,000.00/-</td><td rowspan="2">2081/06/04 (2024-09-20) 12:00</td><td rowspan="2">2081/06/04 (2024-09-20) 13:00</td></tr>
<tr><td>2</td><td>CDRM/WORKS/ NCB/02/081/82</td><td>Gothpani sedhaitole thulo pandhera hudai birta lokmarg sadak,chaurideurali-9</td></tr>
<tr><th colspan="2">Name of Bank</th><th>Name of office</th><th colspan="2">Revenue Account Name & No.</th><th colspan="2">Deposit Account name & No.</th></tr>
<tr><td colspan="2" rowspan="2">Kumari Bank, Chaunrideurali Branch</td><td rowspan="2">Chaunrideurali Rural Municipality, Dhadkharka, Bhanjyang, Kavre</td><td colspan="2">ग.१.१ आन्तरीक राजश्व खाता</td><td colspan="2">ग.३ स्थानिय तह धरौटी खाता</td></tr>
<tr><td colspan="2">2660247948700009</td><td colspan="2">2660247948700004</td></tr>
</table>

For further information please refer to the PPMOs website http/bolpatra.gov.np/egp. Any amendment in the notice or bid document will be posted in the website of office.

**Chief Administrative Officer**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VIEW CAFE

पूर्व स्वीकृति मिति २०८०/१०/१४ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०२/०४ | LT N :298943 | चलानी नं. ६०२१३८९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 10 | 100 | ४३,३०५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 5 | 0 | 150 | ६४,७२० | | | | | | | |
| 3 | Preparer / Chef Assistant | 20 | 0 | 125 | ५४,१३० | | | | | | | |
| 4 | Waiter | 10 | 0 | 135 | ५८,४६० | | | | | | | |

कम्पनी : AL OULA STEEL MANUFACTURING

पूर्व स्वीकृति मिति : २०८१/०२/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/०४ | LT. No. 305101 | चलानी नं. ६०२१९८४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dispatcher | 2 | 0 | 150 | ६५,१५५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrical Engineer | 1 | 0 | 430 | १८६,७८५ | | | | | | | |
| 3 | Electrician | 2 | 0 | 180 | ७८,१९० | | | | | | | |
| 4 | Fitter | 1 | 0 | 210 | ९१,२२० | | | | | | | |
| 5 | Forklift Operator | 1 | 0 | 210 | ९१,२२० | | | | | | | |
| 6 | Furnace Helper | 1 | 0 | 110 | ४७,७८० | | | | | | | |
| 7 | Helper | 5 | 0 | 110 | ४७,७८० | | | | | | | |
| 8 | Helper Bar Counter | 2 | 0 | 110 | ४७,७८० | | | | | | | |
| 9 | Helper Bar Seperator | 3 | 0 | 110 | ४७,७८० | | | | | | | |
| 10 | Helper Dispatching | 3 | 0 | 110 | ४७,७८० | | | | | | | |
| 11 | Mill Helper | 2 | 0 | 110 | ४७,७८० | | | | | | | |
| 12 | Qc Supervisor | 2 | 0 | 250 | १०८,५९५ | | | | | | | |
| 13 | Safety Officer | 5 | 0 | 350 | १५२,०३५ | | | | | | | |
| 14 | Security Guard | 15 | 0 | 150 | ६५,१५५ | | | | | | | |
| 15 | Shift Leader | 1 | 0 | 550 | २३८,९१० | | | | | | | |
| 16 | Store Keeper | 2 | 0 | 150 | ६५,१५५ | | | | | | | |
| 17 | Welder/fabricator | 2 | 0 | 150 | ६५,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ १२ गते (28th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

प्रभाव दैनिक

बुधवार, ०५ भदौ २०८१ (Wednesday, August 21, 2024)




## बक्स अफिसमा स्त्री-२ को बम्पर कमाई

बलिवुड फिल्म स्त्री-२ ले भारतीय बक्स अफिसमा शानदार कमाई गरिरहेको छ । फिल्मले रिलिजको पाँचौं दिन सोमबार मात्र ३८ करोड ४० लाख कमाई गरेको छ । फिल्म विश्लेषक तरण आदर्शका अनुसार फिल्मले अहिलेसम्म २४२ करोड ४० लाख कमाई गरिसकेको छ ।  फिल्मले रिलिजको पहिलो दिन विहिबार ५५ करोड ४० लाख कमाई गरेको थियो । त्यस्तै फिल्मले बुधबार पेड रिभ्यु र प्रिमियरबाट ९.४० करोड कमाई गरेको थियो । त्यस्तै फिल्मले शुक्रबार ३५.३० करोड, शनिबार ४५ करोड ७० लाख र आइतबार ५८ करोड २० लाख कमाएको थियो ।




# ‘कार्साङ’को छायांकन सकियो



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म ‘कार्साङ’को छायांकन सकिएको छ । यम शेर्पाले निर्देशनमा निर्माण भएको फिल्मको छायांकन २२ दिन लगाएर पुरा गरको हो ।

फिल्मको सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिका, भोटेकोसी गाउँपालिका क्षेत्रमा र बाँकी एक दृश्य खिचिएसँगै सम्पूर्ण छायांकन सकिएको निर्माण पक्षले जानकारी दिएको छ ।

‘फिल्मको सम्पूर्ण टिम राम्रो रहेकाले सबैको मेहनतका साथ समयमै छायांकन सम्पन्न गर्न पाइयो’, निर्देशक शेर्पाले भने, ‘अब पोस्टको काम त्यही अनुरूप गर्दैछौं, सोचे जस्तै भयो भने हामी चाँडै प्रदर्शन गर्न सक्छौं ।’

कलाकारहरूको बलियो लाइनअप रहेको फिल्म ‘कार्साङ’लाई यार्सा फिल्मस् र पुरुषोत्तम प्रधान फिल्मसको प्रस्तुतिमा निर्माण गरिएको हो ।

फिल्मका मुख्य कलाकारहरू केही दिन अघि फिल्मको छायांकन सेटबाट क्यारेक्टर लुक्स सार्वजनिक गरिएको थियो, जसमा अभिनेता दयाहाङ राई र नव-अभिनेत्री सिर्जना निङ्लेखु देखिएका थिए । उक्त तस्वीरमा उनीहरूलाई रैथाने चरित्रमा रहेको अनुमान लगाउन सकिन्छ ।

दयाहाङ र सिर्जनाले फिल्ममा उनीहरू जोडीको भूमिका निर्वाह गरेका छन् । केही म्युजिक भिडियोमा काम गरेकी सिर्जनाको यो डेब्यु फिल्म हो । सामाजिक कथावस्तुमा निर्माण हुने यो फिल्ममा निर्देशक शेर्पा स्वयंको कथा, पटकथा तथा संवाद रहेको छ। यसअघि थुप्रै सर्ट फिल्म निर्देशन गरिसकेका शेर्पाको यो डेब्यु निर्देशकीय फिल्म हो ।

यस फिल्ममा दयाहाङ र सिर्जनासहित जितु नेपाल, दिया मास्के, बुद्धि तामाङ, प्रेम लोप्चन, डोमा ह्योल्मो, सृष्टि गौतम, छोकी शेर्पा, सुरवीर पण्डित, कर्मा शेर्पाको अभिनय रहेनछ। बाल कलाकारमा राशी लिम्बु र सोहन थापाले अभिनय गर्दैछन् ।

यस फिल्मको निर्माता पुरूषोत्तम प्रधान हुन्। फिल्ममा उनकै डिओपी रहेको छ। फिल्मका प्रोडक्सन म्यानेजर दिलीप पन्त हुन् । ‘कार्साङ’ प्रदर्शन मिति भने तय गरिएको छैन। फिल्मको देशभर वितरणको जिम्मेवारी आरआर फिल्म्स्ले लिएको छ ।

# रक ब्यान्ड ‘एक्सिस‘को ‘पाइला‘मा बक्सर बनिन् कविता

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली व्यावसायिक रक व्याण्ड ‘एक्सिस’ले ‘पाइला’ बोलको गीतको भिडियो सार्वजनिक गरेको छ । गीतमा बिजु कर्माचार्य र सन्दीप विश्वकर्माको संगीत, रविजंग थापाको शब्द तथा सन्दीपकै स्वर छ ।

भिडियोमा कविता नेपाली (गुरुङ) र धिरज गुरुङ फिचर्ड छन् । स्पोर्टस जनराको गीतमा कवितालाई बक्सर र धिरजलाई बक्सर प्रशिक्षकको रूपमा देखाइएको छ । भिडियोमा कविता कुशल बक्सर बन्न संघर्षरत छिन् । भिडियोमा व्याण्डका सदस्यहरूलाई पनि स्थान दिइएको छ ।

भिडियोमा व्याण्डको दृश्य निर्देशन बिजु कर्माचार्यले गरेका हुन् । व्याण्डको छायांकन निश्चल श्रेष्ठले र भिडियोका कलाकारको डीओपी जेनिस महर्जनले गरेका हुन् ।

पोजेटिभ भाइब्स इन्टरटेनमेन्ट नेटवर्क( पीभीई नेटवर्क) ले निर्माण गरेको भिडियो बालाजुस्थित नेपाल चलचित्र विकास संस्थान(एनएफडीसी)को स्टुडियोमा छायांकन गरिएको हो ।



भिडियोमा गौरव विष्टको सम्पादन र रंग संयोजन तथा स्टिभ देवानका प्रोडक्सन छ । भिडियो एक्सिस अफिसियल युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो ।

गीतमा मानिसहरूलाई आफ्नो दैनिक जीवनको कामबाट हार नमान्न र जीवनमा जतिसुकै कठिन अवस्था आए पनि सफलताका लागि प्रयास गरिरहन सन्देश दिइएको छ । गीतले असफलताका बाबजुद पनि हार नमानी संघर्ष गरिरहन प्रेरित गरेको छ ।

व्याण्डमा सन्दीप विश्वकर्मा(संस्थापक र भोकल), अमूल्य श्रेष्ठ(ड्रम), सजिन महर्जन( बास), निखिल सिकर्मी र रोशन लामा (गीतार) सदस्य छन् ।

पोजेटिभ भाइब्स इन्टरटेनमेन्ट नेटवर्क( पीभीई नेटवर्क)ले व्याण्ड ‘एक्सिस’को व्यवस्थापन हेर्दै आएको छ । बिकेश कायस्थको नेतृत्वमा रहेको नेटवर्कमा सुमन महर्जन श्रेष्ठ र स्टिभ देवान सदस्य छन् । नेटवर्कले संगीतका तीन पुस्ताको कार्यक्रम आयोजना गरिसकेको छ । जसमा नेपथ्य, बालेन, पुर्ण राई एण्ड दाजु भाईलगायतका व्याण्ड पर्छन् ।

# ‘मिस्टर एण्ड मिस लिटिल कोशी‘को अडिसन

■ प्रभाव संवाददाता

**काठमाडौं–** सातौं संस्करणको ‘मिस्टर एण्ड मिस लिटिल कोशी’ को विराटनगर अडिसन सम्पन्न भएको छ । जय मिडिया म्यानेजमेन्ट प्रालिको आयोजनामा हुने प्रतियोगिताका लागि विराटनगरमा भएको पहिलो अडिसनमा ५० भन्दा बढी बालबालिकाहरूको सहभागिता रहेको थियो ।

जय मिडिया म्यानेजमेन्ट प्रालिका अध्यक्ष जय राज रायले यही भदौ ७ गते सुनसरीको इटही र भदौ १५ गते धरानमा अडिसन हुने जानकारी दिए । अडिसनको निर्णायकमा जय मिडिया म्यानेजमेन्ट प्रालिका अध्यक्ष जय राज राय, विपी कोइराला विज्ञान प्रतिष्ठानका डा. श्रवण मण्डल, ‘मिस कोशी २०२४’ की विजेता शुभलक्ष्मी राई, ‘मिस कोशी २०२४’ की ‘अर्गनाइजर च्वाईस’ विजेता र ‘फस्ट रनरअप’ निशाहाङ्मा लिम्बु, ‘मिस्टर एण्ड मिस लिटिल कोशी २०२३’ की विजेता प्रशिका श्रेष्ठ थिए ।

अध्यक्ष रायका अनुसार प्रतियोगिताको छनोट चरणको अडिसनबाट छानिएका प्रतियोगीहरू फाइनलमा पुग्नेछन् । विजेताले नगद र विभिन्न गिफट ह्याम्परहरू प्राप्त गर्नेछन् ।

छैठौं संस्करणको ‘मिस्टर एण्ड मिस लिटिल कोशी’को उपाधि विराटनगरकी प्रिकाशा श्रेष्ठ र इटहरीका सुगम ढकालले जितेका थिए । प्रिकाशाले ‘मिस’ तर्फ र सुगमले ‘मिस्टर’तर्फको उपाधि जितेका थिए । बालवालिकाहरूमा भएको प्रतिभा उजागर गर्ने उद्देश्यले यो प्रतियोगिता प्रत्येक वर्ष हुँदै आएको छ । ‘प्रतियोगितामा भाग लिने इच्छुक बालबालिकाका लागि आवेदन खुल्ला गरिएको छ । आवेदन अनलाइनबाट पनि दिन सकिने गरेका छौं’, अध्यक्ष रायले भने ।



साफ यू-२० च्याम्पियनसिप

# नेपाल र बंगलादेश सेमिफाइनलमा



**काठमाडौं (प्रस)–** काठमाडौंमा जारी साफ यू-२० च्याम्पियनसिप अन्तर्गत समुह ए बाट नेपाल र बंगलादेश सेमिफाइनलमा पुगेका छन् ।

समुह ए अन्तर्गत मंगलबार सम्पन्न खेलमा बंगलादेशले श्रीलंकालाई २-० ले पराजित गरेसँगै नेपाल र बंगलादेश सेमिफाइनलमा पुगेका हुन् । समुह ए का दुवै खेलमा हार बेहोरेपछि श्रीलंका भने प्रतियोगिताबाट बाहिरिएको छ ।

आइतबारदेखि शुरु भएको प्रतियोगिताको पहिलो खेलमा समुह ए मा रहेको नेपालले श्रीलंकालाई १-० गोल अन्तरले पराजित गर्दै विजयी शुरुवात गरेको थियो भने सोमबार भएको समुह बी को खेलमा भारतले भुटानलाई १-० गोलले पराजित गरेको थियो ।

समुह ए मा पहिलो खेलमा नेपालसँग पराजित भएको श्रीलंका सेमिफाइनलमा पुग्न यो खेल जित्नै पर्ने अवस्थामा रहेको छ भने बंगलादेशले आफ्नो पहिलो खेल खेल्दै छ ।

नेपालसहित ६ देशले भाग लिएको यस प्रतियोगितामा नेपाल समुह ए बंगलादेश र श्रीलंकासँग रहेको छ भने समुह बी मा भारत, भुटान र माल्दिभ्स रहेका छन् ।

त्यस्तै नेपालले भने समुह चरणको अर्को खेल विहिबार बंगलादेशसँग खेल्ने तालिका रहेको छ ।

# जापानमा हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुँदै कराते टिम

**काठमाडौं–** पूर्व प्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले जापानमा हुने वादोरियो कराते डो अन्तर्राष्ट्रिय प्रतियोगिता २०२४ मा सहभागी हुने खेलाडीलाई बिदाई गरेका छन् । उनीहरूलाई मंगलबार अध्यक्षले प्रचण्डले खुमलटारमा आयोजित एक कार्यक्रममा बिदाई गरेका हुन् ।



अगस्ट २४ र २५ तारिखका दिन जापान टोकियोमा हुने ‘नवौं वादोरियो कराते डो अन्तर्राष्ट्रिय प्रतियोगिता २०२४’ मा नेपालको तर्फबाट खेलाडीहरू एलन श्रेष्ठ, सुस्मिता वाईबा, अनिल उपरकोटी र आरोन शेरचन सहित ६ सदस्यीय टोली सहभागी हुने छ ।

खेलाडीलाई बिदाइ गर्दै अध्यक्ष प्रचण्डले मेडल ल्याउन नेपाली खेलाडीहरू सफल हुने विश्वास व्यक्त गर्नुका साथै सफलताको शुभकामना व्यक्त गरे ।

बिदाई कार्यक्रममा नेपाल वादोरियो कराते डो संघका केन्द्रीय पदाधिकारी, नेपाल कराते महासंघका उपाध्यक्ष श्याम शेर्पा र सचिव वि.आर लगायत सहभागी थिए ।

# अन्तरविद्यालयस्तरीय ब्याडमिन्टन भदौ २७ मा

■ प्रभाव संवाददाता

**हेटौंडा–** मकवानपुर जिल्ला ब्याडमिन्टन संघको आयोजनामा भदौ २७ गतेदेखि जिल्लास्तरीय रनिङशिल्ड अन्तरविद्यालयस्तरीय ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ ।

हेटौंडा-११ स्थित थाना भऱ्याङको कभर्डहलमा भदौ २७ गतेदेखि २९ गतेसम्म यु-१३ र यु-१७ छात्र-छात्रा ब्याडमिन्टन प्रतियोगिता हुने भएको हो ।



जिल्ला ब्याडमिन्टन संघको कार्यसमितिको बैठकले प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको हो । प्रतियोगितामा सहभागी हुनका लागि भदौ २५ गतेसम्म नाम दर्ता गराइसक्नुपर्नेछ । प्रतियोगिताको पुरस्कार राशिबारे पछि निर्णय गरिने संघका सदस्य नरेन्द्र मोक्तानले जानकारी दिए ।


ब्याडमिन्टन खेलाडी तथा उद्यमी स्वर्गीय बिके बोसको स्मृतिमा पहिलो पटक प्रतियोगिता आयोजना गर्न लागिएको हो । प्रतियोगिताका लागि १ लाख ५० हजार रूपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

# मेसी राष्ट्रिय टोलीबाहिर

■ एजेन्सी

**काठमाडौं–** अर्जेन्टिनाका स्टार फुटबलर लियोनल मेसीले फिफा विश्वकप छनोट अन्तर्गत चिली र कोलम्बियाविरुद्धको खेल गुमाउने भएका छन् । उनले चोटका कारण छनोट खेलहरू गुमाउने भएका हुन् ।

अर्जेन्टिना एफएले छनोटका लागि घोषणा गरेको टोलीमा मेसीलाई समावेश गरिएको छैन । गत महिना अमेरिकामा भएको कोपा अमेरिकाको फाइनलमा खुट्टामा चोट लागेका कारण ३७ वर्षिय मेसी २८ सदस्यीय अर्जेन्टिनी टोलीमा नअटाएका हुन् ।



हाल मेजर लिग सकर टोली इन्टर मायामीसँगै रहेका मेसी त्यही रिकभरीका लागि प्रयास गर्दै छन् । कोपा अमेरिका पछि राष्ट्रिय टोलीबाट सन्यासको घोषणा गरेका एन्जेल डि मारियासँगै रिभर प्लेटका गोलकिपर फ्रान्को अरमानी पनि टोलीबाट बाहिरिएका छन् ।

प्रशिक्षक लियोनेल स्कालोनीले मिडफिल्डर इजेक्वेल फर्नान्डेज र स्ट्राइकर भ्यालेन्टिन क्यास्टेलानोसलाई पहिलो पटक टिममा सामेल गरेका छन् । विश्वकप छनोट अन्तर्गत साविक विजेता अर्जेन्टिनाले सेप्टेम्बर ५ मा चिली र त्यसको पाँच दिनपछि कोलम्बियासाग प्रतिस्पर्धा गर्ने छ ।

# मैले सकेसम्म राम्रो गरें : बाइडेन



**सिकागो–** अमेरिकी राष्ट्रपति जो बाइडेनले सोमबार सिकागोमा भएको पार्टीको अधिवेशनमा आफ्नो बलबुताले भ्याएसम्म देशका लागि सबै थोक दिएको भन्दै डेमोक्र्याटिक उम्मेदवार कमला ह्यारिसलाई पार्टीको जिम्मेवारी हस्तान्तरण गरेका छन् । बिदाइको क्षणमा उनले उपराष्ट्रपति ह्यारिसलाई अँगालो हाल्दै नोभेम्बरमा हुन लागेको निर्वाचनका लागि शुभेच्छा प्रकट गरेका थिए । 'अमेरिका, अमेरिका, मैले तिम्रा लागि सक्दो योगदान गरें,' ८१ वर्षीय बाइडेनले करिब एक घण्टा लामो सम्बोधनका क्रममा देशभक्तिपूर्ण एक कवितांश उद्धृत गर्दै भने । उनले नोभेम्बरमा डोनाल्ड ट्रम्पविरुद्ध उपराष्ट्रपतिलाई व्यापक समर्थन गर्न मतदातासँग आग्रह पनि गरे ।

सन् २०२४ को ह्वाइट हाउसको दौडबाट बाहिरिने बाइडेनको आश्चर्यजनक निर्णयलाई सम्मेलनमा भेला भएका शुभचिन्तकको भीडले तालीको गडगडाहतसहित भव्य स्वागत गरेको थियो । बाइडेनले ट्रम्पलाई संकेत गर्दै 'आफूलाई पद छोड्ने कुराले कुनै समस्या नपारेको' बताएका थिए । सन् २०२० मा भएको अमेरिकी राष्ट्रपतीय निर्वाचनमा तत्कालीन राष्ट्रपति ट्रम्पले निर्वाचनमा धाँधली भएको भन्दै पदबाट जाने समयमा देखाएको व्यवहारलाई लिएर कतिपय अमेरिकी रिपब्लिकन पार्टीका नेताहरू पनि खुसी थिएनन् ।

बाइडेनको कमजोर प्रस्तुतिका कारण डेमोक्र्याटिक पार्टीको निर्वाचनप्रति चिन्ता व्यक्त गरेका डेमोक्र्याटहरूको चासोलाई सम्बोधन गर्न र पार्टीलाई पुनः सक्रिय पार्न ह्यारिस सफल भएका छन् । पाँच दशक लामो राजनीतिक जीवनको आसन्न अन्त्यबारे सोचिरहेका बेला उनले ट्रम्प प्रशासन ओभल अफिसमा नफर्कियोस् भनेर आफूले जे सोचेका थिए, त्यही गरेको बताए ।

'मलाई राजनीति मनपर्छ तर म मेरो देशलाई बढी माया गर्छु,' बाइडेनले राष्ट्रपतीय उम्मेदवारबाट गरेको त्याग अमेरिकाको हितका लागि भएको जोड दिँदै भने । उनले राजीनामा माग्ने डेमोक्र्याट्सको भावनालाई सम्बोधन गर्दै भने, 'म मेरो पार्टी र देशको चिन्ता गर्ने र नेतृत्व गलत व्यक्तिमा नजाओस भन्ने सबैप्रति रिसाउने होइन आभारी हुनुपर्छ ।'

प्रथम महिला जिल बाइडेन र छोरी एश्लेको परिचयपछि बाइडेन र ह्यारिस मञ्चमा प्रवेश गर्दा चार मिनेट लामो तालीको गडगडाहटले स्वागत गरिएको थियो भने प्रतिक्रियामा बाइडेन र ह्यारिस दुवैले आँसु पुछेका थिए । 'हायर लभ' बोलको गीतमा स्टेजबाट बाहिरिनुअघि बाइडेनले बिदाइ भाषण गर्दा दर्शक दिर्घामा रहेका धेरै जनाको गहभरी आँसु भरिएको देखिन्थ्यो ।

ह्यारिसले यसअघि डेमोक्र्याटिक पार्टीका उम्मेदवारहरू अधिवेशनको अन्तिम दिनसम्म नबोल्ने भन्दै आफ्ना अग्रज नेताप्रति सम्मानभाव व्यक्त गरेकी थिइन् । 'म हाम्रा स्वविवेकी राष्ट्रपति जो बाइडेनलाई पार्टी नेताको रूपमा भव्य कार्यक्रमसाथ बिदाइ गरेर अभियानको थालनी गरेको घोषणा गर्दछु । हामी तपाईंप्रति सधैं आभारी छौं,' उनले भनिन् । यो निःसन्देह बाइडेनका लागि एक कठिन बिदाइ थियो तर उनले ह्यारिसको अभियानका लागि 'सर्वश्रेष्ठ स्वयंसेवक' हुने प्रण गर्दै आफ्नो विरासतले अमेरिकामा सुशासन कायम राख्नेमा विश्वास व्यक्त गरे । बाइडेनले ट्रम्पको कार्यकाल र जनवरी ६, २०२१ को क्यापिटोल दंगापछि 'अमेरिकाको आत्मा' लाई निको पार्ने कार्य, अर्थतन्त्र र स्वास्थ्य सेवालगायत आफ्नो गौरवपूर्ण उपलब्धिको सूची प्रस्तुत गरेका थिए ।

आफ्नो कम लोकप्रियता रेटिङ र ट्रम्पविरुद्धको बहसको पराजयका बावजुद बाइडेनले आफूले आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने बताएका छन् । राष्ट्रपति बाइडेनले भने, 'मैले आफ्नो करिअरमा धेरै गल्ती गरेको हुनसक्छु तर मैले तपाईंहरूलाई आफ्नो सर्वश्रेष्ठ सेवा दिएको छु ।' कार्यक्रममा सन् २०१६ मा अमेरिकाको पहिलो महिला राष्ट्रपति बन्ने होडमा ट्रम्पसँग पराजित भएकी हिलारी क्लिन्टनले ह्यारिसलाई 'सिसाको छानो तोड्न समर्थन गरेको' बताएकी थिइन् ।

'अमेरिकामा केही भइरहेको छ, तपाईं यसलाई महसुस गर्न सक्नुहुन्छ, यो कुराका लागि हामीले लामो समयदेखि काम गरेका छौं र सपना देखेका छौं,' पूर्वविदेशमन्त्री क्लिन्टनले अमेरिकामा महिला नेतृत्वलाई सफल बनाउन आफ्नो दल लागेको संकेत गर्दै भनिन् ।

यसअघि गाजामा इजरायलको युद्धको विरोधमा भएको प्रदर्शनले सम्मेलनको उद्घाटनलाई छायाँमा पारेको थियो । यसले वामपन्थी र अरब-अमेरिकीबीच डेमोक्र्याटहरूका लागि सम्भावित मत बाँड्ने कुरालाई जोड दिएको थियो । हजारौं मानिसहरूको ठूलो विरोध प्रदर्शनबाट अलग भएपछि प्रदर्शनकारीहरूको एक समूहले अधिवेशनको बाहिरी सुरक्षा घेरा तोडेको थियो ।

निलो हेल्मेट, ढाल र कालो डण्डा बोकेका प्रहरीले उनीहरूलाई भित्री घेरामा जानबाट रोकेका थिए । यसैबीच, डेमोक्र्याटिक पार्टीको शीर्ष स्थानमा अचानक भएको परिवर्तनका कारण ट्रम्प विवादमा तानिएका छन् । डेमोक्र्याटहरू शिकागोमा रहँदा रिपब्लिकनहरूले एक हप्ता लामो देश दौडाहा गरिरहेका छन् । *रासस⁄एएफपी*



भारतको गुवाहाटीमा मंगलबार भारी वर्षापछि बाढीले भरिएको सडकमा हिँडिरहेका सर्वसाधारण । *तस्बिरः एएफपी*

# भारत र मलेसियाका प्रधानमन्त्रीबीच भेटवार्ता

**नयाँदिल्ली–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उनका मलेसियाली समकक्षी अनवर इब्राहिमबीच मंगलबार भेटवार्ता भएको छ । हैदरावाद हाउसमा भएको भेटका क्रममा भारत र मलेसियाबीच साझेदारीका विभिन्न क्षेत्रमा संलग्नतालाई अझ प्रगाढ बनाउन दुई नेताबीच छलफल भएको बताइएको छ ।



'साझेदारी रूपान्तरणका लागि प्रधानमन्त्री नरेन्द्र मोदीले उनका मलेसियाली समकक्षी अनवर इब्राहिमलाई हैदरावाद हाउसमा न्यानो स्वागत गर्नुभयो,' विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले एक्समा लेखेका छन् । उनले अगाडि लेखेका छन्, 'विभिन्न क्षेत्रमा साझेदारीका संलग्नतालाई अझ प्रगाढ बनाउन र सहकार्यका नयाँ क्षेत्रहरूको खोजी गर्न छलफल अगाडि बढेको छ ।' यसअघि राष्ट्रपति भवनमा प्रधानमन्त्री मोदीले इब्राहिमलाई औपचारिकरूपमा स्वागत गरेका थिए ।

मलेसियाली प्रधानमन्त्रीका रूपमा पहिलोपटक भारत भ्रमणमा आएका इब्राहिम मंगलबार नै राजधानी नयाँदिल्ली आइपुगेका हुन् । इब्राहिमले राजघाटमा राखिएको आगन्तुक पुस्तिकामा हस्ताक्षर गरेपछि पत्रकारसँग बोल्दै भने, 'मलेसिया र भारतबीचको सम्बन्ध लामो समयदेखि दुवै मित्रराष्ट्र र त्यहाँका जनताका लागि लाभदायक रहँदै आएको छ ।'

उनले भने, 'निश्चितरूपमा, हाम्रो छलफलले दुई देशहरूबीचको घनिष्ठ सहयोगको पक्षलाई जोड दिने छ साथै यस मैत्रीपूर्ण सम्बन्धलाई बलियो बनाउनसक्ने अन्य क्षेत्रहरूको खोजी गर्ने छ ।'

मलेसियाका प्रधानमन्त्री इब्राहिमले थपे, 'भारत र मलेसियाबीच ऐतिहासिक र सामाजिक-सांस्कृतिक सम्बन्ध प्रगाढ छ । भारतको नयाँदिल्लीस्थित राष्ट्रपति भवन, त्यहाँ आयोजित औपचारिक स्वागत समारोहबाट मलाई सम्मानित गरिएको छ ।'

सन् २०१५ मा भारतीय प्रधानमन्त्री मोदीको भ्रमणका क्रममा द्विपक्षीय सम्बन्धलाई उन्नत रणनीतिक साझेदारीको तहमा पुऱ्याइएको उनले स्मरण गरे । *रासस⁄एएफपी*

# गाजाबाट ६ जना बन्धकको शव बरामद



**जेरुसेलम–** इजरायली सेनाले आन्तरिक सुरक्षा निकाय शिन बेटसँगको संयुक्त कारबाहीमा गाजाको दक्षिणी क्षेत्र खान युनुसबाट छ जना बन्धकको शव बरामद गरेको मंगलबार जनाएको छ । बन्धकमध्ये यागेभ बुचस्टाब, अलेक्जान्डर डान्सिग, योराम मेट्जर, नादभ पोपलवेल, चेइम पेरी यसपहिले नै मृत घोषित भएका थिए भने अब्राहम मुन्डरलाई मंगलबार बिहान मृत घोषणा गरिएको थियो । गुप्तचर तथा फरेन्सिक परीक्षणपछि शव बन्धकहरूको परिवारलाई बुझाउने तयारी भएको सेनाले विज्ञप्तिमार्फत जनाएको छ ।

मृत बन्धकका शव बरामदपछि उनीहरूको अन्त्येष्टिका लागि परिवारको पर्खाइको समय सकिएको 'होस्टेज एण्ड मिसिङ फेमिलिज फोरम'ले विज्ञप्तिमार्फत जनाएको छ । फोरमले इजरायली सरकारलाई बाँकी बन्धकलाई वार्ता र सम्झौतामार्फत फिर्ताको सुनिश्चित गर्न आह्वान गरेको छ । यसै क्रममा इजरायली सरकारले मध्यस्थकर्ताहरूको सहयोगमा हालको सम्झौतालाई अन्तिम रूप दिन लागिपर्नसमेत सुझाव दिएको छ । इजिप्ट, कतार अमेरिकालगायतका मध्यस्थकर्ताले इजरायल र हमासलाई इजरायली जेलमा रहेका प्यालेस्टिनी कैदीहरूको बदलामा बाँकी बन्धकहरूको रिहाइ सुरक्षित गर्न मद्दत गर्ने युद्धविराम सम्झौतामा सहमत हुन आग्रह गरेका छन् ।

मंगलबार बरामद गरिएका छ वटा शवहरूमध्ये मेट्जर, पेरी र डान्सिग पनि गाजा नजिकैको समुदाय निर-ओजका थिए जुन आक्रमणबाट धेरै प्रभावित क्षेत्र हो ।

प्यालेस्टिनी इस्लामिक कट्टरपन्थी समूहले मुन्दर, उनकी श्रीमती, छोरी र नातिसमेतलाई अपहरण गरेको थियो । परिवारका अन्य सदस्यहरू नोभेम्बरको एक हप्ता लामो युद्धविरामको क्रममा रिहा भएका थिए भने उनका छोरा आक्रमणकै दिन मारिएका थिए ।

इजरायली आधिकारिक तथ्यांकअनुसार हमासको आक्रमणमा अधिकांश नागरिकसहित इजरायलमा एक हजार १९९ जनाको मृत्यु भएको थियो । त्यसैक्रममा बन्धक बनाइएका २५१ जनामध्ये १०५ जना अझै पनि गाजामा बन्धक अवस्थामा रहेको र ती मध्येका ३४ जनाको मृत्यु भएको सेनाले जनाएको छ ।

इजरायलको जवाफी अभियानले गाजामा ४० हजारभन्दा बढी प्यालेस्टिनीहरूको ज्यान लिएको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ । संयुक्त राष्ट्रसंघको मानवअधिकार कार्यालयले गाजा आक्रमणमा ज्यान गुमाउनेमा अधिकांश महिला तथा बालबालिका रहेको जनाएको छ । *रासस⁄एएफपी*

## भियतनाममा बाढीका कारण हजारौं बालबालिका विद्यालय जानबाट वञ्चित

**हनोइ (भियतनाम)–** उत्तरी भियतनाममा बाढी र पहिरोले घर र बाली नष्ट गरी यस क्षेत्रलाई अन्य समुदायसँग अलग्याएपछि हजारौं बालबालिकाहरू विद्यालयको पहुँचभन्दा टाढा हुन बाध्य भएको एक परोपकारी संस्थाले मंगलबार जनाएको छ ।

जुलाईको सुरुदेखि नै परेको भारी वर्षाले र उत्तरपश्चिमका पहाडी क्षेत्रहरू धेरै प्रभावित भएको जनाइएको छ । बर्षाका कारण लगभग २९ हजार घर क्षतिग्रस्त हुनुका साथै ९० हजार हेक्टर बाली नष्ट भएको भियतनामको सामान्य तथ्यांक कार्यालयले जनाएको छ ।

सेभ द चिल्ड्रेनका अनुसार सोन ला प्रान्तमा करिब १.३ मिलियन मानिस प्रभावित भएका छन्, भने बाढीले ग्रामीण इलाकामा पुल र सडकहरू क्षतिग्रस्त भएको जनाएको छ ।

भियतनामका विपद् अधिकारीहरूका अनुसार यस क्षेत्रमा बर्षाका कारण ११ जनाको मृत्यु हुनुका साथै करिब दुई हजार ६७० घर तथा २९ वटा विद्यालय भवन क्षतिग्रस्त भएका छन् । सेभ द चिल्ड्रेनले सेप्टेम्बरमा विद्यालय फर्किन चार हजार ५०० बालबालिकाले सुरक्षा चुनौती सामना गर्नुपर्ने जनाएको छ । परोपकारी संस्थाका अनुसार सोन ला प्रान्तको एक विद्यालयका प्रिन्सिपल हा कङ मिन्हले विद्यालय जाने बाटो तथा पुलहरू बर्षाका कारण क्षति ग्रस्त भएकाले बालबालिका विद्यालय जानका लागि असहज भएको उल्लेख गरेका छन् । बाढीका कारण वर्षको पहिलो सात महिनामा करिब आठ करोड ५० लाख डलरको क्षति भएको भियतनामको तथ्यांक कार्यालयले जनाएको छ । रासस⁄एएफपी

## पाकिस्तानमा वर्षाका कारण १९ जनाको मृत्यु

**बलुचिस्तान (पाकिस्तान)–** पाकिस्तानको बलुचिस्तानमा सोमबारको भारी वर्षाका कारण १९ जनाको मृत्यु भएको प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पिडिएमए)ले जनाएको छ ।

डन न्युजका अनुसार मनसुनी वर्षाले मानवीय तथा भौतिक क्षति पुऱ्याउँदा अन्य ११ जना घाइते भएका छन् भने तीन हजारभन्दा बढी व्यक्तिहरू प्रभावित भएका छन् । राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) का अनुसार जुलाई-१ देखि अगस्ट-१७ सम्म वर्षाजन्य घटनामा १९५ जनाको मृत्यु हुनुका साथै ३६२ जना घाइते भएका छन् । यसैगरी, विपद्का कारण दुई हजार २९३ घर क्षतिग्रस्त भएका छन् ।

पिडिएमएका अधिकारी युनस मेंगलले हालैको वर्षाले बलुचिस्तान प्रान्तका १६ जिल्लाहरू प्रभावित भएको तथा राहत कार्य जारी रहेको बताएका छन् । बलुचिस्तानले जुलाई-१ देखि हालसम्म दुई गम्भीर मनसुन घटनाहरूको सामना गरेको डन न्युजले जनाएको छ । वर्षाजन्य प्रकोपको परिणामस्वरूप प्रान्तीय सरकारले कलात, जियारत, अवारन, कच्छी, लोरालाई, सोहबतपुर र लासबेलाका जिल्लाका धेरै युनियन तथा काउन्सिलमा आपत्काल घोषणा गरेको छ ।

सबैभन्दा बढी कलातमा त्यसपछि उस्ता मुहम्मद र सबिबीमा वर्षा भएको रेकर्ड भएको छ । सोहबतपुरकी बलुच उपायुक्त फरिदा तरीनले जुडाइर नदीमा जल सतह बढेको बताउँदै यस क्षेत्रमा आएको बाढीले धान खेतमा क्षति पुगेको जानकारी दिए । बलुचिस्तानको राष्ट्रिय राजमार्ग प्राधिकरणका महाप्रबन्धक आगा इनायतुल्लाले उत्तरी बलुचिस्तानका सबै राष्ट्रिय राजमार्गहरू खुला रहेको र अधिकारी र ठेकेदारहरूले बाढीको क्षति मर्मत र सडक पहुँच कायम राख्न प्रयास गरिरहेको बताए । *रासस⁄एएनआई*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १५२२०० | प्रति तोला - - | प्रति तोला - १८२०



मकै खेती | नमोबुद्ध नगरपालिका-८ पिपलटार र पारिपट्टिको रोशी गाउँपालिका-३ शिखरआम्बोटे आसपास क्षेत्रमा लगाइएको मकै खेतीको हरियाली दृश्य । *तस्बिरः पेमा लामा/रासस*

# 'बढ्दो सार्वजनिक ऋणको दायित्वले विकास वित्त परिचालनमा समस्या'

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विकासोन्मुख र अल्प विकसित मुलुकहरूको आन्तरिक राजस्व परिचालन गर्ने क्षमता कमजोर हुँदै गएको र सार्वजनिक ऋणको भार पनि बढ्दै गएकाले विकासका लागि स्रोतको जोहो गर्नु चुनौतीपूर्ण भएको बताएका छन् ।

संयुक्त राष्ट्रसङ्घले अर्थ मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासङ्घसँगको सहकार्यमा आयोजना गरेको 'विकासका लागि वित्तसम्बन्धी संवाद' कार्यक्रममा अर्थमन्त्री पौडेलले नेपालले पनि न्यून राजस्व सङ्कलन र बढ्दो सार्वजनिक ऋणको दायित्वका कारण सिर्जित समस्या भोगिरहेको बताएका हुन् । 'राजस्वको अधिकांश भाग सार्वजनिक ऋण भुक्तानीमा लगाउनुपर्ने बाध्यताले सामाजिक सुरक्षा तथा विकास गतिविधिमा सरकारको लगानी सङ्कुचित हुने देखिएको छ । यसले दिगो विकासको लक्ष्य पूरा गर्ने सङ्कल्पलाई टाढा धकेल्ने जोखिम बढेको छ', अर्थमन्त्री पौडेलले भने ।

'दिगो विकासको लक्ष्य हासिल गर्ने अभियानमा कोही पनि नछुटुन्' भन्ने नाराका साथ संयुक्त राष्ट्रसङ्घले विकासका लागि वित्त परिचालन गर्न जोड दिँदै आएको छ । विकासोन्मुख र अल्पविकसित मुलुकमा लगानीका लागि स्रोतको कमी मुख्य चुनौतीका रूपमा देखापरेको अर्थमन्त्री पौडेलले बताए । जलवायु परिवर्तनको प्रभावबाट ती मुलुक बढी प्रभावित बनेका छन् । उच्च व्यापार घाटा, सुस्त आर्थिक वृद्धि, विकास सहायताको घट्दो प्रवृत्तिले विकासोन्मुख र अल्पविकसित देशहरू थप समस्यामा रहेको अर्थमन्त्री पौडेलले उल्लेख गरे । विकास वित्तका नवीन तथा वैकल्पिक उपायहरूको उपयोग गर्नुपर्ने देखिएको





पनि उनको भनाइ छ ।

आन्तरिक स्रोतको अलावा निजी पुँजी तथा विकास सहयतालगायत सम्भाव्य सबै स्रोतको अधिकतम उपयोग गर्नेगरी विकास वित्तको खाका तय गर्नुपर्ने आवश्यकता पौडेलले औँल्याए । कूल गार्हस्थ उत्पादनको तुलनामा राजस्वको अनुपात तुलनात्मक रूपमा राम्रो देखिए पनि यसलाई दिगो बनाउनुपर्ने चुनौती रहेको उनको भनाइ छ । 'प्रत्यक्ष वैदेशिक लगानी र बाह्य क्षेत्रबाट हुने पुँजी प्रवाह तुलनात्मक रूपमा न्यून छ । सार्वजनिक ऋण सुरक्षित तहमा नै भए पनि आगामी दिनमा यसमा चुनौती थपिने देखिन्छ । उच्च व्यापार घाटा र न्यून आर्थिक वृद्धिदर र लामो समयदेखि संरचनात्मक समस्याका रूपमा अर्थतन्त्रमा विद्यमान छन्', अर्थमन्त्री पौडेलले भने, 'नेपाल जलवायु परिवर्तनको प्रभावबाट प्रत्यक्ष रूपमा प्रभावित भएको छ । हामीले कार्बन उत्सर्जनमा नगन्य योगदान रहे पनि हामीलाई गैरअनुपातिक असर परेको हुँदा अनुकूलनमा निकै ठूलो रकम छुट्याउनु पर्नेछ । यसैले नेपाल विकास वित्तका लागि नयाँ स्रोत र उपकरण जुटाउनुपर्ने पक्षमा उभिएको छ ।' विकास साझेदारहरूसँग यी विषयमा पर्याप्त अन्तरक्रिया गरी अगाडि बढ्न सरकार दृढ रहेको पनि उनले बताए ।

अर्थतन्त्रको विकासका लागि निजी क्षेत्रलाई नेतृत्वदायी भूमिकामा राखेको पनि उनले उल्लेख गरे । 'सोह्रौं आवधिक योजनाले निजी क्षेत्रको भूमिकालाई अधिक महत्व दिएको छ । निजी क्षेत्र सरकारको साझेदार हो । हाम्रा लक्ष्य अलग छैनन् । सरकार निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न आवश्यक वातावरण बनाउन प्रतिबद्ध छ', अर्थमन्त्री पौडेलले भने, 'निजी पुँजी आकर्षित गर्नेगरी विकास वित्तको खाका निर्माण तथा प्रतिफलयुक्त आयोजनाको सूची तयार गरी लगानी जुटाउनु आवश्यक छ ।'

स्वदेशमा रोजगारीको अवसर सिर्जना गर्न सरकार प्रयत्नरत रहेको पनि उनले उल्लेख गरे । सरकारी र निजी लगानी बढाउनसकेमा स्वदेशमा नै कामका अवसर बढाउन सकिने विश्वास उनले व्यक्त गरे । आन्तरिक मात्र नभई वैदेशिक लगानी भित्र्याउनका लागि पनि सरकारले सहजीकरण गर्ने पौडेलको भनाइ छ । 'नेपालको विकास प्रयासमा स्वदेशी पुँजी र प्रविधि मात्र पर्याप्त पर्याप्त छैन । सरकार विदेशी पुँजी र प्रविधि भित्र्याउन सबै नीतिगत र कानुनी पूर्वाधार निर्माण गर्न कटिबद्ध छ । कानुनी सुधार र नीतिगत स्पष्टताका लागि थप कामहरू गर्दै लगिनेछ', उनले भने ।

सन् २०२६ सम्ममा अति कम विकसित मुलुकबाट स्तरोन्नत हुने लक्ष्य रहेको तथा त्यसका लागि सङ्क्रमणकालीन रणनीति विकास गरिसकेको जानकारी दिँदै अर्थमन्त्री पौडेलले विकासोन्मुख मुलुकमा देश उक्लिएपछि अवसरहरूको उपयोग गर्न र थप लगानी आकर्षित गर्न देशले चाँडै नै सार्वभौम साख मूल्याङ्कन 'सोभरेन क्रेडिट रेटिङ' गर्न लागेको बताए । सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा सुधार ल्याउन नीतिगत प्रयास थालिएको उनले उल्लेख गरे । मौजुदा कर व्यवस्थालाई थप प्रगतिशील बनाउने, करका आधारहरू सुदृढ र विस्तार गर्ने, राजस्व प्रणलीलाई विद्युतीकरण गरी विनियोजन र खर्च क्षमता बढाउनेलगायतका काम सरकारले गरिरहेको उहाँको भनाइ छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको अवस्था निकै कमजोर रहेको बताए । 'प्रत्यक्ष वैदेशिक लगानी हाम्रो कूल गार्हस्थ्य उत्पादनको शून्य दशमलव दुई प्रतिशत मात्रै छ । हाम्रो जस्तो देशका लागि यो एकदमै न्यून संख्या हो । वैदेशिक अनुदान पनि लक्ष्यअनुसार आएको छैन', उनले भने, 'यो अवस्थाले ऋणमा निर्भरता बढाएको छ । सार्वजनिक ऋण पछिल्लो नौ वर्षमा दोब्बर भएको छ । ऋणमा बढ्दो निर्भरता दीर्घकालीन रूपमा दिगो हुँदैन र यसले हाम्रो आर्थिक स्थायित्वमा ठूलो जोखिम खडा गर्छ ।' हाम्रो देश अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने क्रममा ऋणमा बढ्दो निर्भरताले अरु चुनौती थप्ने उनले बताए ।

# कृषि अनुदान लगेर काम नगर्नेको सूची सार्वजनिक गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कृषि मन्त्रालयबाट ठूलो मात्रामा अनुदान लगेर काम नगर्नेहरूको सूचि सार्वजनिक गर्ने बताएका छन् ।

मन्त्रालयमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने, 'कृषि मन्त्रालयले पछिल्लो पाँच/सात वर्षमा अर्बौ रूपैयाँ अनुदान दिएको रहेछ । सबै विवरण सार्वजनिक गर्नुपर्छ भनिसकेको छु । केही दिनमा यो पनि सार्वजनिक हुन्छ ।'

आफूले मन्त्रालय सम्हाल्दा कर्मचारी आन्दोलनदेखिका यावत समस्या रहेको चर्चा गर्दै उनले दुग्ध किसानको वक्यौतादेखि उखु किसानको पैसा दिने गरी काम गरिरहेको बताए । मन्त्री अधिकारीले आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि रु २५ करोड दुग्ध किसानको हातमा गइसकेको जानकारी दिए । डेढ अर्ब रूपैयाँ किसानलाई तिर्न बाँकी रहेको जनाउँदै उनले भने, 'बाँकी रकम पनि निकासका लागि प्रयास भइरहेको छ । उखु किसानलाई गत वर्षको भुक्तानी दिन नसक्ने हो भने दसैँको बेलामा जुलुस निस्कँदैछ । त्यो पनि जानकारी छ । रकम निकासका लागि प्रयास गरिरहेको छु ।' मन्त्री अधिकारीले कृषि मन्त्रालय र असली किसानको बीचमा ठूलो खाडल रहेको र त्यसलाई कसरी पुर्ने भनेर आफू लागि परेको बताए ।

फरक प्रसङ्गमा उनले राजनीतिक दलप्रति जनताको वितृष्णा रहेको स्वीकार्दै नेपाली कांग्रेस र नेकपा (एमाले) को वर्तमान गठबन्धनले जनतामा उत्साह जगाउने गरी काम गर्नुपर्ने र गर्ने बताए ।

'राज्यप्रति जनताको भरोसा टुटेको छ, त्यसमा उत्साह जगाउन सबैले भूमिका खेल्नुपर्ने छ', उनले भने, 'जिम्मेवारीबाट भाग्न सकिने अवस्था छैन । भागिदैन ।' आफूबाट कुनै गल्ती गरे र भए सञ्चारमाध्यम र सञ्चारकर्मीले औँल्याइदिन आग्रह गर्दै मन्त्री अधिकारीले त्यसलाई आफूले सकारात्मक रूपमा ग्रहण गर्ने पनि प्रतिबद्धता व्यक्त गरे ।

# नाडा अटो शोमा केइका मोडेल सार्वजनिक हुने

**काठमाडौं (प्रस)–** नेपालको लागि केइ अटोमोबाइल्स को आधिकारिक विक्रेता लक्ष्मी ई मोबिलिटीले आउँदै गरेको नाडा अटो शोमा लन्च गरिने आफ्ना ३ वटा गाडीका मोडेलको नाम बताई पुरस्कार जित्ने सोसियल मीडिया क्याम्पेन सुरु गरेको छ । जस अन्तर्गत सहभागिता जनाउन केइ नेपाल को फेसबुक तथा इन्स्टाग्राम पेजमा गई उक्त प्रश्न को उत्तर लेख्नु पर्नेछ ।





क्याम्पेनमा सहभागी हुन केइ नेपाल को फेसबुक पेज र इन्स्टाग्राम पेजमा जानुपर्नेछ । सहभागी मध्यबाट सबै तीन मोडेलहरूको सही पहिचान गरी उत्तरदिने एक जना भाग्यशाली विजेताले जर्मन प्रतिष्ठित ब्रान्ड बोशको मिक्सर ग्राइण्डर प्राप्त गरिनेछ । केइ नेपालको सोसियल मीडिया फोलोवर्स र फेन्सहरूले यस रमाइलो क्याम्पेनमा अनुमान गरि भाग्यशाली विजेता बन्न सकिनेछ । यो क्याम्पेन आज बाट भाद्र १० गतेसम्म चल्ने बताइएको छ ।

आउदै गरेको नाडा अटो शोमा केइ अटोमोबाइल्स को स्टल नं एच-१६मा आई केई ब्रान्ड र नाडामा लन्च गरिने केइका गाडीहरूका बारे जानकारी लिन लक्ष्मी ई मोबिलिटी सबैलाई हार्दिक आमन्त्रण गर्दछ ।

# किसानलाई ९ करोड अनुदान

■ प्रभाव संवाददाता

**म्याग्दी–** चालु आर्थिक वर्ष २०८०/८१ मा यहाँका किसानलाई अनुदान वितरण गर्न रु नौ करोड छ लाख बजेट प्राप्त भएको छ । गण्डकी प्रदेश सरकारअन्तर्गतको कृषि ज्ञान केन्द्रमार्फत रु तीन करोड ३३ लाख २५ हजार, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रबाट रु दुई करोड ५२ लाख २१ हजार र सङ्घीय सरकारअन्तर्गतको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइबाट रु तीन करोड २१ लाख ६८ हजार बजेट प्राप्त भएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको बजेटबाट छिमेकी जिल्ला मुस्ताङ, पर्वत र बागलुङका किसानले पनि सुविधा पाउनेछन् । कूल लागतको ५० देखि ८५ प्रतिशत अनुदान प्राप्त हुने कार्यक्रमका लागि तीनवटै कार्यालयले सार्वजनिक सूचनामार्फत प्रस्ताव आह्वान गरेका छन् ।

खाद्यान्न, फलफूल, सागसब्जी, तेलहन, दलहन उत्पादनगरी जिल्लालाई आत्मनिर्भर बनाउनुका साथै निर्यातगरी किसानको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले चालु आवमा कृषि र पशुपालनमा बजेट केन्द्रित गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलले बताए । खायन आलु उत्पादन तथा प्रवर्द्धन कार्यक्रमलाई रु एक करोड २० लाख छ हजार, फलफूल बाली विकास र रैथाने बाली प्रवर्द्धन आयोजनाका लागि रु २१/२१ लाख, तरकारीबाली प्रवर्द्धन आयोजनाका लागि रु १५ लाख ५० हजार, पोषण सुरक्षण कार्यक्रमका लागि रु २० लाख, सुन्तला जात फलफूल विकास आयोजनालाई रु ६७ लाख विनियोजन भएको छ ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रमुख डा भरत रेग्मीले मासु, दूध, अण्डा उत्पादन वृद्धि गरी जिल्लालाई आत्मनिर्भर बनाउन सहयोग पुग्ने कार्यक्रम आएको बताए । पशुलाई पूर्ण खोप कार्यक्रमका लागि सबैभन्दा बढी रु ८० लाख बजेट प्राप्त भएको छ ।

यसैगरी बृहत्तर पशु विकास प्रवर्द्धन कार्यक्रमलाई रु २० लाख, दूध उत्पादक किसानलाई अनुदानका लागि रु १० लाख, कृत्रिम गर्भाधानबाट जन्मिएका उन्नत जातका पाडापाडी हुर्काउने किसानका लागि रु तीन लाख, घुम्ती गोठ संरक्षणका लागि रु चार लाख, बाँझो जग्गामा घाँसखेती गर्नेलाई रु पाँच लाख, कृषि ऋणमा ब्याज अनुदान रु एक लाख, मत्स्य पोखरी निर्माण तथा क्षेत्र विस्तारका लागि रु तीन लाख बजेट प्राप्त भएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले म्याग्दी, बागलुङ र पर्वतमा सञ्चालन भएको सुन्तला तथा मुस्ताङको स्याउ जोन क्षेत्रमा सिँचाइ सुविधा विस्तारका लागि रु ६० लाख विनियोजन भएको जानकारी दिए ।

फ्रि भिषा फ्रि टिकट
युएईको AUTO MOBILE कम्पनीमा रोजगारको अवसर

कम्पनी : STREIT GROUP FZ-LLC | शहर : UAE
पुर्व स्वीकृत मितिः २०८१/०४/१० | चलानी नं.: ६०२२२७०१ | LT. No.:307967 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Auto Electrician | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,३९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Auto Mechanics | 30 | 0 | | 1300 | ४७,३९८ | | | | | | | |
| 3. | Fabricator | 10 | 0 | | 1500 | ५४,६९० | | | | | | | |
| 4. | Finishers | 10 | 0 | | 1300 | ४७,३९८ | | | | | | | |
| 5. | Sandblaster Cum Spray Painter | 30 | 0 | | 2500 | ९१,१५० | | | | | | | |
| 6. | Sprey Painter | 10 | 0 | | 1500 | ५४,६९० | | | | | | | |
| 7. | Stik/tig Welders | 70 | 0 | | 1400 | ५१,०४४ | | | | | | | |
| 8. | Upholsters | 10 | 0 | | 1300 | ४७,३९८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १२ र १३ गते (28 & 29 August 2024) मा हुनेछ ।

नोटः उमेर २० देखि ४५ सम्मको हुनपर्ने, सम्बन्धित काममा अनुभव भएको र GCC लाई विशेष प्राथमिकता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- [illegible]

Empower Huntr H.R. Solution Pvt. Ltd.
(साबिक Empower Human Resources Management Pvt. Ltd) Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4560541, 4560542, 4588265
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chatwan Branch : 9855016639 | Butwal Branch : 9851178901
Pokhara : 9802855069/ 9802855194

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ